# आर्थिक वर्ष २०८०/०८१ को
# नीति तथा कार्यक्रम

## बारपाक सुलिकोट गाउँपालिका
## गोरखा
गण्डकी प्रदेश, नेपाल

२०८०

# बारपाक सुलिकोट गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भट्टद्वारा तेह्रौं गाउँसभामा

## प्रस्तुत नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८०/०८१ को

## नीति तथा कार्यक्रम

**बारपाक सुलिकोट गाउँपालिका**

**गोरखा**

गण्डकी प्रदेश, नेपाल

**मिति २०८० असार १० गते आईतबार ।**

**गाउँपालिका उपाध्यक्षज्यू,**
**गाउँसभा सदस्य सचिवज्यू,**
**गाउँपालिका प्रवक्ताज्यू, वडाध्यक्षज्यूहरु,  कार्यपालिका सदस्यज्यूहरु,**
**गाउँपालिका सदस्यज्यूहरु,**
**विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारीज्यूहरु,**
**सुरक्षाकर्मी, पत्रकार लगायत उपस्थित सबै व्यक्तित्वहरु।**

बारपाक सुलिकोट गाउँपालिकाको तेह्रौं गाँउसभा समक्ष आर्थिक वर्ष २०८०/२०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस महत्वपूर्ण घडीमा नेपालको विगतको इतिहासमा संचालित जनयुद्ध तथा विभिन्न राजनैतिक परिवर्तनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्न हुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा वेपत्ता योद्दाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । साथै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नुहुने सम्पूर्ण नेपाली जनतामा सम्मान व्यक्त गर्दछु । सात दशक लामो बलिदानपूर्ण संघर्षको विभिन्न काल खण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ । यो संघर्ष र आन्दोलनमा नागरिकले पु-याएको योगदानले हामीलाई कर्तव्य पथमा डो-याई रहनेछ । भुकम्प, कोभिड-१९ लगायतका महामारीका कारण नेपाल भित्र र बाहिर जीवन गुमाउनुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक श्रद्धाज्जली अर्पण गर्दै परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु । संक्रमित सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

आवधिक निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो । निर्वाचित जनप्रतिनिधिहरुबाट जनअपेक्षा अनुसारको शासन, पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह गर्दै संघीयता कार्यन्वयनमा महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु। निर्वाचन हुँदाका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले बारपाक सुलिकोट गाउँपालिकाको समग्र समृद्धीको लागि जनतासँग गरेका प्रतिबद्धताहरुलाई कार्यन्वयन गर्न हामीसँग भएका सीमित स्रोत साधन, दक्ष जनशक्ति व्यवस्थापनका अप्ठ्याराहरु, संक्रमणकालीन कानून र विगत वर्षका हाम्रा अनुभवहरुलाई समेत ध्यान दिँदै आम जनतासँग गरेका वचनवद्धता प्रति हामी सदैव प्रतिवद्ध रहने कुरा बारपाक सुलिकोटबासी जनसमुदायलाई विश्वास दिलाउन चाहान्छौ । जनताका आधारभूत सेवा सुविधा जनताकै सबैभन्दा निकटका निकायबाट प्रवाह गर्दा बढी प्रभावकारी हुन्छ भन्ने व्यवस्था नै संघीय शासन प्रणाली हो । यसैलाई हामीले **"गाउँगाउँमा सिंहदरवार"** पुर्याउने अभियान भनेका छौ । यसै सन्दर्भमा आजको गाउँसभामा हामी दीर्घकालिन सोच र लक्ष्यका साथ आगामी आर्थिक वर्ष ०८०/०८१ मा बारपाक सुलिकोट गाउँपालिकाले लिनुपर्ने नीति तथा कार्यक्रम तयार गरी गाउँपालिकाको समृद्धिको खाका कोर्ने अवसरमा जुटिरहेका छौ ।

गाउँसभा सदस्य ज्यूहरु,

अब म बारपाक सुलिकोट गाउँपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका **आधार, आधार क्षेत्र, उद्देश्य तथा प्राथमिकता** निम्न बमोजिम प्रस्तुत गर्दछु:

**(क) <u>आधारहरु</u>**

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथामिकताहरु
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- प्रदेश सरकारले लिएका आर्थिक तथा वित्तीय नीतिहरु
- संविधानमा व्यवस्था भएका एकल तथा साझा अधिकार सूचि बारपाक सुलिकोट गाँउपालिका को आवाधिक योजनाले तय गरेका प्राथामिकताहरु
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य स्थानीय तह सञ्चालनसम्बन्धि ऐन, नियमावलीका प्रावधानहरु
- विकासका समसामयिक मुद्दाहरु दीगो विकास लक्ष्य, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास
- बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य सम्बन्धित विषयहरु
- हामी बाट निर्वाचनको समयमा जारी गरिएका प्रतिवद्धता पत्रहरु
- विगत आर्थिक वर्षहरुमा बारपाक सुलिकोट गाउँपालिकाले तयार पारेका नीति कार्यक्रम तथा योजनाहरु
- कार्यक्रम तथा बजेट तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति लगायतका समितिबाट प्राप्त प्रतिवेदन तथा सुझावहरु
- बस्ती तथा वडास्तरबाट आएका सुझावहरु
- विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुका सल्लाह तथा सुझावहरु ।

**(ख) <u>उद्देश्यहरु</u>**

- ❖ जनताको न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्ने।
- ❖ स्वरोजगारी सिर्जना र गरिबि न्यूनिकरण गर्ने।
- ❖ भौतिक एवं सामाजिक विकासको पूर्वाधार विकास गर्ने।
- ❖ आर्थिक सम्वृद्धि, सामाजिक, साँस्कृतिक रुपान्तरण सहितको मानवीय विकास गर्ने।
- ❖ व्यापक युवा परिचालनको माध्यमबाट रोजगारी श्रृजना गर्ने, आफूसँग भएको

साधनस्रोत र सीपको सदुपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने।

- ❖ विकासका पूर्वाधारको गुणस्तरीयता कायम गर्ने।
- ❖ सामाजिक शोषणका सबै अवशेष अन्त्य गर्न आर्थिक समद्धि र सामाजिक, साँस्कृतिक रुपान्तरण अभियान संचालन गर्ने।
- ❖ शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुत्वता, आवास, रोजगार, सामाजिक न्याय, सामाजिक सुव्यस्था, दिगो विकास गर्दै समाजवादको आधार खडा गर्ने।
- ❖ जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, जंगल, जडिबुटी उत्पादन जस्ता आर्थिक उपार्जनका क्षेत्रलाई समुचित र न्यायसंगत ढंगले उपयोग गर्ने, कृषक समूह, सहकारीलाई प्रोत्साहित गर्ने र भौतिक पूर्वाधार उद्योगको स्थापना गर्दै मानव सूचकाङ्कको विकास गर्न योजनावद्ध र एकिकृत ढंगले अगाडि बढ्ने।
- ❖ ठूला पूर्वाधारका आयोजना निर्माण र स्तरोन्नति, स्थानीय प्राथमिकताका क्षेत्र र आयोजनामा विधि सम्मत र कानून सम्मत तरिकाले साझेदारी निकायहरुलाई आमन्त्रण गर्ने।
- ❖ कृषि, वनमा आधारित साना तथा लघु उद्योगहरुको स्थापना र संचालनमा विशेष ध्यान दिने र विभिन्न उत्पादन र रोजगारमा विशेष ध्यान दिई परनिर्भरतालाई घटाउने।
- ❖ नेपालको संविधान २०७२ मा मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेका शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता, आवास जस्ता विषयलाई कानूनबनाई प्रभावकारी ढंगले लागु गर्ने,
- ❖ स्रोतसाधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै प्राप्त स्रोत साधनको न्यायोचित वितरण, आर्थिक, सामाजिक असमानता हटाउने, शोषण रहित समाजको निर्माण गर्दै समाजवादी अर्थतन्त्रको आधार खडा गर्ने।
- ❖ स्वतन्त्र, निष्पक्ष, मानवअधिकार, लैंगिक समानता, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोककल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजाने।
- ❖ विकास निर्माणमा क्षेत्रीय सन्तुलन कायम गर्ने, पछाडि परेका क्षेत्र पहिचान गरी प्राथमिकतामा ल्याउने, गाँउपालिका गौरवका आयोजना छनौट गरी कार्यन्वयन गर्ने, विभिन्न कृषि पशुपालन पकेट क्षेत्रको ब्लक तथा पकेट क्षेत्रको स्तरोन्नति गर्ने, सूचना प्रविधिलाई थप सुदृढ गराउने, विपन्न परिवारलाई आयआर्जनका उपाय सुझाउने, स्वास्थ्य क्षेत्रको दिगो र प्रभावकारी व्यवस्थापन, विपद जोखिमको व्यवस्थापन गर्ने, आयुर्वेदको संरक्षण र विकास, श्रमको सम्मान गर्ने संस्कृतिको विकास, प्रविधिमैत्री शिक्षामा जोड, पारिवारिक र सामाजिक हिंसामा परेका व्यक्तिको पुनर्स्थापना र संरक्षण, स्थानीय पाठ्यक्रम निर्माण र पठनपाठन, अनुगमन मुल्यांकनलाई व्यवस्थित गर्ने।

- ❖ बजार, व्यापार व्यवसाय, औषधी पसल दैनिक उपभोग्य उत्पादित वस्तुको विक्रि वितरणमा हुने कालो बजारी, कृत्रिम अभाव लगायतका अपराधजन्य कार्यहरुको निरन्तर अनुगमन गरी गलत कार्य गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने।
- ❖ सुशासन प्रवर्द्धन र संस्थागत क्षमता विकास गर्ने।

(ग) <u>प्रमुख आधार क्षेत्रहरु</u>

१. सामाजिक विकास
२. पूर्वाधार विकास
३. आर्थिक विकास
४. वन, वातावरण तथा विपद् व्यवस्थापन
५. सुशासन तथा संस्थागत विकास

(घ) <u>प्राथमिकता</u>

- स्वास्थ्य, शिक्षा , सीपमूलक तालिम, प्रविधि र युवा तथा खेलकुद।
- कृषि तथा पशुपालन र सिंचाई क्षेत्रको व्यापक रुपान्तरण र स्वरोजगारी सिर्जना गर्ने।
- खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाई लाई व्यवस्थित गर्ने।
- पूर्वाधार विकास।
- लगानिमैत्री वातावरण।
- सुशासन, मानव संशाधन विकास र लक्षितवर्गको सशक्तिकरण।
- कला, सँस्कृति, ऐतिहासिक पक्षको संरक्षण।
- खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई नवप्रवर्तन सँग सामन्जस्यता गर्ने।
- लैंगिक समानता, सामाजिक न्याय, समता तथा सामाजिक सुरक्षा कायम गर्ने।
- भूमिहिन र सुकुम्बासीलाई व्यवस्थित गर्ने।
- वन, वातावरण तथा विपद् व्यवस्थापन।
- पर्यटन, रोजगारी प्रबर्द्धन र गरिबी न्यूनीकरण।
- योजना, अनुगमन तथा मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन।
- दिगो विकास।
- अन्य विविध क्षेत्र।

## <u>चालु आर्थिक वर्ष ०७९/८० को समीक्षा</u>

१. बाझों जमिनमा खेती गर्ने कृषकलाई प्रोत्साहन अनुदान (प्रति रोपनी बाझों जमिन खेती गरे बापत रु ३०००) कार्यक्रम अन्तर्गत चालु आ. व. २०७९/८० मा थप ३४ रोपनी गरी जम्मा ९३८ रोपनी बाझो जमिनमा खेती भएको छ ।

२. साना सिंचाई कार्यक्रम मार्फत आ. व. २०७९/८० मा ८ वटा साना सिंचाई थप भएर ३३० रोपनी खेतियोग्य जमिनमा सिंचाइको सुविधा थप भएको छ ।

३. चालु आ. व. २०७९/०८० मा भकारो सुधार कार्यक्रम मार्फत ३८ घरधुरी र बेमौसमी तरकारी खेती प्रोत्साहनका लागि प्लाष्टिक टनेल बितरण कार्यक्रम मार्फत ८० घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

४. त्यसरी नै रैथाने वाली प्रवद्र्धन कार्यक्रम अन्तर्गत वडा नं ३ र ४ समेटेर २ वटा क्लष्टर छनौट गर्नुका साथै ५ वटा कुटानी पिसानी मिल, २ वटा मल्टी थ्रेसर र ६२० वटा कर्न सेलर( मकै छोडाउने मेसिन) बितरण गरिएको छ ।

५. चालु आ. व. २०७९/०८० मा अलैचि पकेट स्थापना कार्यक्रम अन्तर्गत १५००० अलैचीको विरुवा वितरण गरी ४.५ मे.ट अलैची उत्पादन भएको छ र आ. व. २०७८/०७९ मा संचालित अलैचि पकेट निरन्तरता समेत गरी १०० घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

६. चालु आ. व. मै साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) सञ्चालन कार्यक्रम अन्तर्गत तरकारी पकेटलाई निरन्तरता दिई कुल २१ टनेल निर्माण गरिएको छ जस मार्फत ६० घरधुरी प्रत्यक्षरुपमा लाभान्वित भएका छन् र करिव ४००० केजी तरकारी उत्पादन भएको छ।

७. मकै बालि प्रवर्तन कार्यक्रम अन्तर्गत ३००० केजी अरुण २ विउ र २५०० केजी रामपुर कम्पोजिट विउ वितरण गरिएको छ। त्यसका साथै २१ वटा हाले टयाक्टर वितरणले उत्पादन वृद्धिमा सहयोग पुगेको छ।

८. कृषि सम्बन्धी जानकारी मूलक पुस्तक १००० प्रति छपाई गरी वितरण गरिएकोमा सम्पूर्ण वडाका कृषकहरु समावेश भई लाभान्भित भएका छन्।

९. प्राङ्गारिक/जैविक मल तथा विषादी बनाउने तालिम वडा नं २,५ र ६ मा सञ्चालन गरिएकोमा २५० कृषक र १०० घरधुरी लाभान्भित भएका छन्।त्यस्तै स्थलगत घुम्ती तालिम अन्तर्गत तरकारी खेती, एभोकाडो खेती, च्याउँ खेती, मौरीपालन सम्बन्धी तालिम दिइएकोमा १५० घरधुरी लाभान्भित भएका छन्।

१०. ५०% अनुदानमा उन्नत विउ आलु वितरण र कन्ये च्याउँ वितरण कार्यक्रम अन्तर्गत ६.७ टन आलु को विउ वितरण गरी २७० घरधुरी लाभान्भित भई कुल ९५० रोपनी जग्गामा हालसम्म १४५० मे. ट आलु उत्पादन भएको छ।त्यस्तै १५५० पोका (२०० ग्राम) को कन्ये च्याउँको विउ वितरण मार्फत ४०० घरधुरी लाभान्भित भएका छन्।

११. किवी खेती विस्तार कार्यक्रम अन्तर्गत वडा नं १,२,३ र ४ गरी ५००० विरुवा वितरण गरिएको छ जस मार्फत १०० घरधुरी लाभान्भित भएका छन् र हाल ६०२ विरुवाबाट करिव ३००० के.जी फल उत्पाउन भएको अवस्था छ।

१२. क्रप कटिङ कार्यक्रम अन्तर्गत धान र कोदोमा क्रप कटिङ गरिएकोमा १२५५ हेक्टर क्षेत्रफलबाट १८८३ टन कोदो उत्पादन भएको छ भने २५१० हेक्टर क्षेत्रफलमा लगाइएको धान वाली मार्फत १०४९२ मे.ट धान उत्पादन भएको छ।

१३. मासु मिसन अन्तर्गत औषधी खरिद गरी बाख्रापालक किसानलाई निशुल्क औषधी वितरण गरिएको छ जसले गर्दा बाख्रामा देखिने रोगमा नियन्त्रण भएको छ,खोर सुधारमा २६ जना कृषक लाभान्भित भएका छन् भने प्रजन्नका लागी ११ वटा उन्नत नश्लका बोकाहरुको वितरण गरिएको छ।

१४. भेडा प्रवद्र्धन कार्यक्रममा बारपाकमा भेडा स्वास्थ्य शिविर सञ्चालन भएकोमा १२० भेडापालक कृषकको भेडामा देखापरेको परजिवि संक्रमण, रोगको नियन्त्रणका लागि आवश्यक औषधी, सल्लाह, सुझाव र अन्य सेवा प्रदान गरिएको छ।

१५. निशुल्क पशुधन बिमा कार्यक्रमबाट २००० बाख्रा र ३०० भैसी बिमाको दायरामा आएको र यसले पशुपन्छी फर्मको व्यवसायिक जोखिमलाई न्यूनीकरण गराई कृषकलाई क्षतिबाट राहत मिलेको छ ।

१६. स्थानीय जातको कुखुराको चल्ला वितरण कार्यक्रममा ३८०० कुखुराको चल्ला वितरण गरी ११७ कृषक, ७ कृषि फर्म र १४ कृषक समुह लाभान्भित भई पोषण सुधारमा टेवा पुगेको छ।

१७. निशुल्क पशु स्वास्थ्य औषधी वितरण कार्यक्रमबाट ७९० घरधुरीका कृषकका ४५००० पशुपन्छीले औषधी उपचार पाएका छन र पशुमा देखिएको नयाँ रोग लम्पी स्किन विरुद्ध पशु उपचारको क्रम चलिरहेको छ।

१८. लक्षित वर्गका लागि बंगुरको पाठापाठी वितरण कार्यक्रम अन्तर्गत ५० वटा पाठापाठी खरिद गरी २५ जना कृषकलाई वितरण गरिएको छ।

१९. पशुपन्छी खोप कार्यक्रम अन्तर्गत रेबिज महामारीबाट बच्न खोप खरिद गरी ४६७ कुकुरलाई खोप लगाइएको छ।

२०. उत्पादनमा आधारित कार्यक्रम अन्तर्गत पालिका भित्रका पशुपालक कृषकलाई मासु उत्पादनमा जोड दिने उदेश्यले एक हप्ते नापतौल अभियान चलाई ८५९ जना कृषकका १२१ राँगा तथा २३७९ वटा खसी बोका थुमामा २५ लाख अनुदान प्रदान गरिएको छ ।

२१. ५०% अनुदानमा ६ वटा रागाँ वितरण गरी भैसीमा नश्ल सुधार तथा गर्भाधान सेवा प्रदान गरिएको छ।

२२. लम्पी स्किन पशु महामारी रोगको विभिन्न स्रोत मार्फत उपचार सेवा प्रवाह गरी ९९४ पशुको उपचार गरिएको छ र जारी नै छ।

२३. डालेघाँस तथा भुइघाँस वितरण कार्यक्रम अन्तर्गत हिउदे जै घाँसको १००० केजी बिउ खरिद गरी वितरण गरिएकोमा हिउदको समयमा हुने पोषण अभाव नियन्त्रण भएको छ।

२४. उत्कृष्ट किसान सम्मान कार्यक्रम अन्तर्गत पालिका भरिका १४ उत्कृष्ट किसानलाई जनही रु.१०,०००। र प्रमाणपत्र सहित सम्मान गरि पेशाप्रति उत्साहित बनाउने काम गरिएको छ।

२५. गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम मेड्पा अन्तगत यस आ.व. मा १०३ जनालाई अभिमुखीकरण तालिम, ७७ जना लघु उद्यमीको छनौट गरी ८ दिने तालिम र ५ वटा समुह गठन गरिएको छ ।

२६. यस कार्यक्रम अन्तर्गत यसै आ.व.मा मुढा बनाउने, सिलाई कटाई, अकबरे खुर्सानी उत्पादन, अगरबत्ती उत्पादन, सावुन तथा हर्पिक बनाउने, हाते कडाई (बुटिक), ढाकाको सल तथा खादा उत्पादन लगायतको सिप बिकास तालिम सञ्चालन गरी ७७ जना लाभान्वित भएका छन् । साथै तालिम लिनेहरुको लागि ११ वटा सिलाई मेसिन र आवश्यक सामग्री समेत हस्तान्तरण गरिएको छ ।

२७. यसै कार्यक्रम अन्तर्गत पहिले नै तालिम लिई सिलाई कटाई र बाँसको मुढा बनाउने ३० जनालाई स्तरोन्नति सिप बिकास तालिम दिइएको छ । यसले उनिहरुलाई व्यवासायिक बन्न मद्दत पुग्ने आशा गरिएको छ । यसरी नयाँ उद्यमीबाट ३४ र स्तरोन्नतीबाट १८ जना गरी ५२ जना रोजगार बनेको देखिन्छ।

२८. श्रममा आधारित विद्यमान बिभेदको अन्त्य गर्दै स्थानीय तहमा सुचिकृत बेरोजगार ब्यक्तिहरुलाई न्युनतम रोजगारी सुनिश्चित गर्न एवं सामुदायिक पुर्वाधारहरुको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधारल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको आठ वटा वडामा ४० वटा योजनाहरु सम्पन्न गरी कुल १,४४३ जना व्यक्तिलाई रोजगारी प्राप्त भएको छ भने ७,२१५ जनसंख्या लाभान्वित भएका छन्।

२९. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुका लागि पुनःएकिकरण कार्यक्रम अन्तर्गत ४० जना लाभग्राहीको लागि वैदेशिक रोजगार वोर्डको सचिवालय मार्फत उद्यम गर्नका लागि सहयोग उपलब्ध गराउने प्रक्रिया अगाडी बढेको छ।

३०. वैदेशिक रोजगारमा जान चाहने र फर्केर आएर पुनः जाने व्यक्तिहरुको लागि रोजगार सेवा केन्द्र मार्फत online form भर्ने व्यवस्था गरिएको छ।

३१. कोभिड खोप अभियानमा पहिलो मात्रा अन्तर्गत १९,५३५ जना, दोश्रो अन्तर्गत १८,८४० जना, बुस्टर पहिलो १३,४८८ जना र बुस्टर दोस्रो ६,९४९ जनाले कोभिडको खोप पाएकाछन् ।

३२. चालु आ.व.मा २० जना महिलाले यस गाउपालिकाबाट सुरक्षित गर्भपतन सेवा पाएका छन् । २३९ जना २ वर्ष मुनिका बालवालिकाहरुको बृद्धि अनुगमन गर्ने कार्य सम्पन्न

भएको छ । त्यसरी नै ५,१७८ जना जेष्ठ नागरिकले निशुल्क स्वास्थ्य सेवा तथा परामर्श सेवाबाट लाभान्वित भएका छन् ।

३३. बारपाक सुलिकोटको चेली उपाध्यक्षको कोसेली कार्यक्रमबाट १६५ जना गर्भवती महिलालाई पोषण सामाग्री बितरणबाट गर्भवती र नवाजात शिशुको स्वास्थ्य जोखीमलाई कम गर्न टेवा पुगेको छ ।

३४. गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा न्युनतम स्वास्थ्य मापदण्ड अनुगमन कार्य सम्पन्न भएको र यसबाट आगामी दिनहरुमा गर्नुपर्ने कार्य तथा संस्थागत क्षमता बढाउने उपायहरुको स्पस्ट दिशाबोध गर्ने प्रेरणा मिलेको छ ।

३५. यसै आ.व.मा पालिकाभित्र सुत्केरी आमा (PNC) भेट अन्तर्गगत १३५ जना सुत्केरीआमा र नवजात शिशुलाई भेट गरी स्वास्थ्य परिक्षण गरिएको छ ।

३६. सुत्केरीआमा र नवशिशुहरुको सुरक्षालाई मध्यनजर गरी स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी ४८ जना गर्भवतीलाई रेफर गरिएको छ ।संस्थागत सुत्केरी हुने महिलाको संख्या ९४ रहेको छ भने संस्थागत सुत्केरीलाई थप पोषण खर्च समेत उपलब्ध गराइएको छ।

३७. शल्यक्रिया सहितको आँखा शिविरमा ११५० जना विरामी लाभान्भित भएका छन भने १४६ जनाको निशुल्क अपरेसन समेत गरिएको छ।

३८. स्त्री रोग सम्बन्धी उपचार बाट ६१९ जना लाभान्भित भएका छन्। त्यसै अन्तर्गत २६८ जनाको आङ खस्ने रोगको उपचार र २५ जनाको अपरेसन गरिएको छ।

३९. पूर्ण खोप लगाउने २ वर्ष मुनिका बालबालिकाको संख्या २२५ रहेको छ।

४०. मृगौला प्रत्यारोपण गरेका ,डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदन्ड पक्षघातका ३४ जना विरामीलाई औषधी उपचार बापत जनही ३० हजार उपलब्ध गराइएको छ।

४१. यस आ.व.मा नेपाल सरकारको उपचार सहुलियत अनुदान अन्तर्गत बिपन्न नागरिकहरुलाई रु १,००,०००।- (अक्षरुपी एक लाख) का दरले अनुदान पाउने गरी ४ जना मृगौला रोगी, १७ जना क्यान्सर रोगी, १० जना मुटु रोगी, ४ जना हेड ईन्ज्युरी/स्पाईनल ईन्जुरीको गरी ३५ जनाको सिफारिस गरिएको छ ।

४२. बारपाक सुलिकोट गा. पा. भित्रको २७ वटा सामुदायिक विद्यालयमा अध्ययनरत ४०४ जना अभिभावक विहिन बालवालिकालाई प्रति विद्यार्थी रु २९७० का दरले छात्रवृत्ति बितरण गरिएको छ ।

४३. कक्षा १-५ सम्म स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी "हाम्रो बारपाक सुलिकोट" शिर्षकको स्थानीय विषयको पाठ्यपुस्तक शैक्षिक सत्र २०७९ देखि गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा लागु गरिएको छ।

४४. शिक्षकहरुको क्षमता विकास एवं विद्यालयमा सुशासन कायम गर्न शिक्षकहरुलाई विज्ञान, गणित र लेखांकन सम्बन्धी तालिम दिइएको छ।

४५. विद्यार्थीहरुको Multiple Intelligence को विकासलाई वढवा दिन मा वि स्तरीय वकृत्वकला, तीजगीत एवं नृत्य, हाजिरी जवाफ प्रतियोगिता वडागत रुपमा सञ्चालन गरिएको छ।

४६. रुम टु रिड र एकिकरण नेपाल गोरखाको सहकार्यमा गाउँपालिकाका १६ विद्यालयमा पुस्तकालय व्यवस्थापन, विद्यालय साक्षरता विकास सम्बन्धी शिक्षक तालिम र बालमैत्री विद्यालय विकासका लागि कार्य गरिएको छ।

४७. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत छनौट भएका गाउँपालिकाका ८ वटा विद्यालयमा बाल उद्यान निर्माण, पुस्तकालय व्यवस्थापन,शैक्षिक सामाग्री व्यवस्थापन लगायतको कार्य भइरहेको अवस्था छ।

४८. यस आ.व मा विद्यालयको माग अनुसार २३ शिक्षक र बालमैत्री शिक्षा कार्यक्रम अन्तर्गत २ स्वयमसेवक करार गरी शिक्षा क्षेत्रमा आवश्यक जनशक्ति पूर्ति गरिएको छ।

४९. विद्यार्थीहरुमा खेलकुद प्रतिभाको विकासका लागि तेस्रो बारपाक सुलिकोट रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिएको छ।

५०. यस आ.व मा बारपाक बहुप्राविधिक शिक्षालयको कृषि फिल्ड निमार्ण भएको छ, नर्सरी टनेल निर्माण गरी सेमी हाइटेक टनेलमा थोपा सिंचाई समेत जडान गरिएको छ।विद्यार्थीको सुविधाको मध्यनजर गरी प्रशिक्षार्थीहरुलाई छात्रावासको व्यवस्था गरिएको छ।

५१. अन्तरराष्ट्रिय नारी दिवश (मार्च ८) को अवसरमा वडास्तरीय र पालिकास्तरीय सचेतना मुलक कार्यक्रम सञ्चालन गरी महिला हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न भएको छ ।

५२. यसै आ.व.मा विभिन्न शिविर सञ्चालन गरी थप ९३ जनालाई विभिन्न वर्गको अपाङ्गता परिचय पत्र वितरण गरी अपांगता भएका व्यक्तिहरु लाभान्वित ।

५३. पञ्जिकरण अन्तर्गत ३,६१४ जना सामाजिक सुरक्षा भत्ता लाभग्रीहरुको वडागत नवीकरण गरिएको छ ।

५४. सामाजिक सुरक्षा भत्ता बैंकखाता मार्फत वितरण गर्ने काम थालिनी भएर त्यसलाई निरन्तरता दिइएको छ।यस प्रणलीबाट आइपरेको असहजतालाई न्यून गर्न पालिकाले अन्य उपायहरुको खोजी गरिरहेको छ ।

५५. आ. व २०७९/०८० मा व्यक्तिगत घटना दर्ता विवरण जन्म ८८३, मृत्यु २६६, विवाह ४३५ दर्ता भएका छन्।

५६. व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाँईसराई र सम्बन्धविच्छेद लगायतका व्यक्तिगत घटनाहरु घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गराउनु पर्ने उदेश्यका साथ व्यक्तिगत घटना दर्ता सप्ताह आयोजना गरिएको छ।

५७. आ.व २०७९/०८० का लागि सामाजिक सुरक्षा भत्ता रु १३,९५,१२,०००|- निकासा भएकोमा पहिलो दोस्रो र तेस्रो त्रैमासिक गरेर रु १२,०२,६६,७४७ |- वितरण गरिएको छ र चौथो त्रैमासमा वितरण गर्नुपर्ने रकम रु ४,३८,९८,५६०|- रहेको छ र अपुग रकम माग गरिएको अवस्था छ।

५८. आवश्यकता अनुसार जन प्रतिनिधि तथा स्थानीय पन्जीधिकारी VERS MIS System सम्बन्धी अभिमुखिकरण सञ्चालन गरिएको छ।

५९. व्यक्तिगत घटना दर्ता सप्ताह शिविर सञ्चालन र हस्तलिखित घटना दर्ता किताब डिजिटाईजेसन गर्ने काम सम्पन्न गरी ब्यक्तिगत घटना दर्तालाई सबै वडाहरुबाट अनलाईन मार्फत सुरुवात गरिएको छ ।

६०. एक घर एक धारा खानेपानी कार्यक्रम अन्तर्गत चालु आ.व.मा ८५ प्रतिशत घरधुरीमा खानेपानीको पहुँच बिस्तार भएको छ । चालु आ.व.को अन्त सम्ममा ९० प्रतिशत घरधुरीमा खानेपानी पहुँच बिस्तार हुने देखिन्छ ।

६१. घ्याम्पेसाल देउराली ताकुकोट सडक कालोपत्रे आयोजनाको भौतिक प्रगति लगभग ५५ प्रतिशत पूगिसकेको छ र आगामी आ.व. भित्रै सो आयोजना सम्पन्न हुनेछ ।

६२. गाउँपालिकाको प्रशासनिक र बहुउद्देशीय सभा भवनको निर्माण कार्य सम्पन्न भइ भित्रि बनावट र सजावटको काम सम्पन्न भई नयाँ भवन मार्फत सेवा सुचारू भएको छ। त्यसरी नै वडा नं २ र ६ को जग्गा प्राप्ति तथा विस्तृत आयोजना प्रतिवेदन DPR बनाउने तथा ठेक्का आह्वानको तयारीको चरणमा रहेको छ ।

६३. हुडिंफाट खार्चोक बारपाक सडकको कुल भौतिक प्रगति ९० प्रतिशत भइसकेको र यसै आ.व. मा सम्पन्न हुने देखिन्छ ।

६४. ढोडेनी-सौरपानी सडकको ठेक्का सम्झौता गरी सो अन्तर्गत भुवाने-सौरपानी क्षेत्रमा कार्य सुचारू भएको र आगामी आ.व मा सो क्षेत्रमा पक्की नाली सहित ग्राभेल हुने अवस्था छ।

६५. चनौटे-पाल्खु सडकको ठेक्का सम्झौता गरी सो अन्तर्गत थाले-तामालाबोट क्षेत्रमा कार्य सुचारु भएको र आगामी आ.व मा सो क्षेत्रमा पक्की नाला सहित ग्राभेल हुने अवस्था छ।

६६. देउराली-झाँक्रीथोक सडकको ठेक्का सम्झौता भइ कार्य अघि बढिरहेको छ र यसै आ.व मा सम्पन्न हुनेछ।

६७. मसार-डाडाँगाउँ-पाल्खु सडकको कार्य सम्पन्न भएको छ।

६८. यसै आ.व. मा ३६ वटा सामुदायिक भवन नयाँ थालनी एवं पूराना सम्पन्न भएका छन् ।

६९. पर्यटन उपज बिकास साझेदारी अन्तगर्तको संघीय सरकारसँगको ७० र ३० को समपूरक आयोजना दिल बहादुर रम्तेल स्मृति पार्कको निर्माण कार्यको भौतिक प्रगति ९५ प्रतिशत पुगेको छ ।

७०. सार्वजनिक बसपार्क निर्माण, सौरपानीमा प्राविधिक शिक्षालय निर्माणको लागि जग्गा प्राप्ति कार्य सम्पन्न भएकोछ ।

७१. संघीय सरकारको सशर्त अनुदान अन्तर्गत बहाकोटमा गाउँपालिकास्तरीय शहीद आशाकाजी श्रेष्ठ स्मृति रङ्गशालाको विस्तृत इन्जिनियरिङ प्रतिवेदन तयार पारि निर्माण कार्य अघि बढी रहेको छ।

७२. शहिद प्रेम ढकाल स्मृति १५ शैयाको अस्पतालको निर्माण कार्य आरम्भ भएर भौतिक प्रगति ४५ प्रतिशत पुगिसकेको छ र आगामी आ.व भित्रै सो आयोजना सम्पन्न हुनेछ।

७३. स्वाँरा स्वास्थ्य चौकी, सौरपानी स्वास्थ्यचौकी, सौरपानी आयुर्वेदिक औषधालय र पाँचखुवा स्वास्थ्यचौकीको भवन निर्माण दुर्त गतिमा कार्य अघि बढिरकेको छ र सम्भवत आगामी आ.व बाट सेवा सुचारु हुनेछ।

७४. गाउँपालिका भित्रका सडकको संरक्षण र मर्मतको लागि १८ जना सडक हेरालु ५ महिनाको लागि दैनिक ज्यालादारि सम्झौता गरिएको छ।

७५. गाउँपालिका भित्रका १० जना भुमिहिन दलित, ११ जना भुमिहिन सुकुम्बासी र ८ जना अव्यवस्थित बसोबासी घर परिवारको पहिचान र प्रमाणिकरणको कार्य सम्पन्न भई निस्सा वितरणको क्रममा रहेको र सुकुम्बासीलाई वितरण गर्ने जग्गा व्यवस्थापन गर्न कठिनाई भएको अवस्था छ।

७६. गाउँपालिकामा स्थानीय विपद् कोष स्थापना भइ सञ्चालन भइरहेको छ भने आकस्मिक सहायताको रुपमा त्रिपाल, जाली, पाईप तथा राहत अनुदान वितरण गर्ने कार्य भैरहेको छ ।

७७. २०७८ को मनसुनजन्य विपदबाट पूर्ण क्षति भई पुनर्निर्माण सम्पन्न गरिसकेका ५ वटा निजी आवासका लाभग्राहीहरुको दोस्रो किस्ताको रकम निकासाको लागि पहल भैरहेको तथा २०७९ को मनसुनजन्य विपदबाट आंशिक र पूर्ण क्षति भएका निजी आवास प्रवलीकरण र पुनर्निर्माणको लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन प्राधिकरणबाट प्रमाणीकरण भई आएका ५ वटा निजी आवासहरुको प्रवलीकरण र पुनर्निर्माणको लागि लाभग्राहीहरुसँग सम्झौताको कार्य सम्पन्न भई निर्माण कार्य प्रारम्भ भएको छ।

७८. २०७८ को बेमौसमी वर्षाको कारण धान बाली क्षति भएका ९८ जना कृषकहरुलाई **बेमौसमी वर्षाको कारण धान बालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने सम्बन्धि मापदण्ड, २०७८** बमोजिम राहत उपलब्ध गराउनको लागि जिल्ला प्रशासन कार्यालय, गोरखा मार्फत नेपाल सरकार गृह मन्त्रालयमा पेश गरेको विवरण अनुसार कृषकहरुलाई राहत प्राप्त नभएपछि गाउँ कार्यपालिकाको निर्णय अनुसार रु. ४,२७,१५३। चार लाख सत्ताइस हजार एक सय त्रिपन्न रुपैयाँ सम्बन्धित किसानहरुलाई राहत प्रदान गरिएको छ।

७९. आगोलागीजन्य विपदबाट आंशिक रुपमा क्षति भएका ३ वटा निजी आवास मर्मतको लागि ३ जना लाभग्राहीहरुलाई रु. ५०,००० को दरले राहत प्रदान गरिएको छ।

८०. मनसुनजन्य विपदबाट क्षति भएका र जोखिममा परेका निजी आवास, गोठ कटेरा संरक्षण तथा क्षति भएका सिंचाइ कुलो मर्मतको लागि सम्बन्धित वडा कार्यालयको सिफारिशसहित गाउँपालिका कार्यालयमा राहतको लागि निवेदन पेश गरेका विपद प्रभावितहरुलाई स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा १२५ थान ग्याबिन जाली वितरण गरिएको छ ।

८१. FAO Nepal को सहयोगमा विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन सम्बन्धि २९ जना सहभागीको लागि २ दिने तालिम सम्पन्न गरिएको छ ।

८२. समुदाय स्तरमा विपद जोखिम न्यूनीकरण सम्बन्धि जनचेतना अभिवृद्धि गर्नको लागि सबै ८ वटै वडामा विपद जोखिम यूनीकरण तथा ब्यवस्थापन सम्बन्धि १ दिने जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ।

८३. चिसो तथा हिमपातबाट जोगाउनको लागि ९० वर्ष माथिका जेष्ठ नागरिकहरु र वडा कार्यालयको सिफारिशमा विपन्न नागरिकहरुलाई १८१ थान न्यानो कपडा (सिरक) वितरण गरिएको छ ।

८४. FAO Nepal को सहयोगमा Bio-engineering प्रविधिको प्रयोग गरी बारपाकको मान्द्रे, सौरपानीको खाङरुङ, पन्द्रुङको तीनखण्डे र ताकुकोटको भालेढुङ्गामा पहिरो नियन्त्रण सम्बन्धि कार्यको शुरुवात भएको छ।

८५.मनसुनजन्य वर्षाको कारणबाट सिर्जित बाढी पहिरोबाट जोखिममा परेका निजी आवास र वस्तीबाट अस्थायी रुपमा विस्थापनमा परेका विपद प्रभावितहरुको अस्थायी आवासको लागि, पहिरोको कारण जोखिममा परेका निजी आवास र गोठ कटेराहरुको संरक्षणको लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा आवश्यकता अनुसार त्रिपाल वितरण गरिएको छ।

८६. विपदबाट निजी आवास क्षति भएका र जोखिममा परेका २० घर परिवारको लागि तत्काल गुजाराको लागि र संरक्षणको लागि राहत स्वरुप आर्थिक सहयोग गरिएको छ।

८७. पत्राचार, अनुगमन तथा मुल्यांकन र लेखा समितिबाट छानबिन गरी बेरुजु न्यून गर्न अधिकतम प्रयास भैरहेको छ ।

८८. Electronic fund Transfer (EFT) प्रणाली लागु गरी भुक्तानीमा पारदर्शिता कायम गर्न सुरुवात भएको छ ।

८९. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ र २ ले दिएको अधिकार क्षेत्र र प्रचलित कानून बमोजिम स्थानीय न्यायिक समितिले आफ्नो भूमिका निर्वाह गरिरहेको छ । स्थानीय न्याय सम्पादनलाई प्रभावकारी बनाउन हरेक वडामा मेलमिलाप सहजकर्ता नियक्ति गरी ४८ घण्टे तालिम पछि सबै वडामा सहजकर्ता कार्यालय स्थापना गरिएको छ ।

९०. यस आ.व मा न्यायिक समितिमा परेका मुद्दा नयाँ २३ वटा र गत वर्षदेखि सरिआएका मुद्दा १९ वटा गरी कुल ४२ मुद्दा रहेका छन् ।ती मध्ये १४ मेलमिलाप भएका छन् भने लामो समयदेखि रहेका ५ मुद्दालाई खारेज गरिएको छ भने बाकी २० वटाको पेसी तोकिएको छ। यसबाट मुद्धामामिला र कानूनी सेवा खरिदबाट हुने स्थानीयवासीहरुको खर्च कम हुन गई आर्थिक तथा न्याय क्षेत्रमा योगदान पुगेको छ ।

९१. कानुनी शिक्षा सचेतना समुदाय कार्यक्रम वडा नं ४ को रन्चोक, कुलगाउँ, केउरा र सिम्भु र वडा नं ६ को पाल्खु, बहाकोट, कोटथोक र मैलुङमा सञ्चालन गरिएको थियो जसमा जनप्रतिनिधि, मेलमिलापकर्ता र सर्वसाधरण गरी १०२ जनाको उपस्थिति रहेको थियो।

९२. विद्यालयमा न्यायिक समिति कार्यक्रम अन्तर्गत माझँथर मा वि, स्वाँरा र जलकन्या मा वि, तामालाबोटमा शिक्षकशिक्षिका, जनप्रतिनिधि र मेलमिलापकर्ता सहितको तालिममा ७५ जनाको सहभागिता रहेको थियो।

९३. न्यायमा पहुँच कार्यक्रम तथा मेलमिलाप केन्द्र व्यवस्तापनका लागि ८ वटै वडामा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्न मेलमिलापकर्ताको नाम सहित होडिङ बोर्ड र दैनिक रुपमा आवश्यक पर्ने स्टेस्नरी सामग्री उपलब्ध गराइएको छ।

९४. अपाङ्ग लक्षित अभिमुखिकरण कार्यक्रम अपाङ्गता दिवसको अवसर पारेर विभिन्न खालका अपाङ्गता भएका ११० व्यक्तिलाई अभिमुखिकरण र पोषणयुक्त खाद्यपदार्थ उपलब्ध गराइएको छ।

९५. बालबालिका तथा लैङ्गिक हिंसा विरुद्ध सचेतनामुलक कार्यक्रम श्री हिमालय मा वि बारपाक, श्री शैलपुत्री मा वि देउरालीमा सञ्चालन गरिएकोमा बालबालिका, जनप्रतिनिधि, सामाजिक परिचालिका, शिक्षक शिक्षिका गरी २७० जनाको उपस्थिति थियो।

९६. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतको जिन्सी निरीक्षण सम्पन्न गरी गाउँपालिकाको चल अचल सम्पतिको अभिलेखिकरण गरिएको छ।

९७. "ग" र "घ" वर्गको अपाङ्गता भएका ९२ जना व्यक्तिलाई जनही ६०००।- र ४०००।- का दरले सहायता प्रदान गरिएको छ।

९८. यस आ.व २०७९/०८० को हालसम्म नवीकरण भई कायम रहेको “घ” वर्गको इजाजत प्राप्त संस्थाको संख्या १३ रहेको छ, (क्लब, महिला समुह लगायत) १४ संस्था दर्ता भई नविकरण भएका छन, २ वटा खानेपानी/ सिंचाई आयोजना थप दर्ता र ९ वटा नवीकरण भएका छन् ।;

९९. यस आ.व मा दर्ता भएका व्यवसायको संख्या ८० रहेको छ जसमध्ये वडा नं १,२,३ र ४ मा सञ्चालित शिविरबाट १८ वटा दर्ता भएका छन र ९४ वटा व्यवसाय नविकरण भएकोमा ३८ व्यवसाय शिविर मार्फत नविकरण भएका छन्।

१००. चालू आ.व २०७९/०८०मा गैसस तथा विकास साझेदार संस्थाले संचालन गरेका कार्यक्रमको समिक्षा गरी आगामी आ.वको लागि संचालन हुन सक्ने कार्यक्रमको बारेमा धारणा पेश गर्न संयुक्त बैठक आयोजना गरिएको छ।

१०१. गाउँपालिका अन्तर्गतका आवश्यक कार्य चुस्त दुरुस्त बनाउन (सडक हेरालु १८ जना , कृषि गणक ८ जना ,स्वयम सेवक ४ जना , प्रशासन सेवा तर्फ ५ जना , स्वस्थ्य सेवा तर्फ ९ जना) गरी ४४ जना करार नियुक्ति गरिएको छ।

१०२. गाउँपालिका अन्तर्गत ३३ वटा सहकारी संस्था दर्ता भएकोमा २७ वटा डिभिजन कार्यालय दमौली मार्फत र ६ वटा गाउँपालिकामा दर्ता भएका छन् जसमध्ये २ वटा यस आ.व मा थप भएका छन्।

१०३. खानेपानी तथा सिंचाई प्रयोजनार्थ ४३ जना लाभग्राहीलाई पाइप वितरण गरिएको छ।

१०४. ताकुमाझलाकुरीबोट स्थित ज्येष्ठ नागरिक भवनमा फर्निसिङ, कार्पेटिङ, आरामदायी बसाई व्यवस्थापन, मनोरञ्जन सामाग्रीको आदिको प्रवन्ध गरिएको छ।

**अब म क्षेत्रगत नीतिलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु**

**(१) <u>सामाजिक विकास क्षेत्रः</u>**

**(क) <u>शिक्षा</u>**

- बारपाक बहुप्राविधिक शिक्षालयमा सञ्चालित कार्यक्रमलाई आवास सहित गुणस्तरीय शिक्षा दिने व्यवस्था गर्दै, थप कार्यक्रम विस्तार गरिनेछ।
- एक शिक्षक एक ल्याप्टप कार्यक्रम लागत साझेदारीको आधारमा लागु गरिनेछ। विद्यालयहरुलाई प्रविधिमैत्री बनाईनेछ ।
- गाँउपालिका भित्र उच्चशिक्षाको लागि बहुमुखी क्याम्पस स्थापनाको पहल गरिनेछ ।
- बारपाक सुलिकोट भित्रको विद्यालय शिक्षा (+२ सम्म ) लाई अनिवार्य तथा निशुल्क गरिनेछ ।
- यस गाँउपालिकामा बोल्ने विभिन्न समुदायका मातृभाषा संरक्षण तथा प्रवर्द्धन गर्न पाठयक्रम तयार गरी औपचारिक मातृभाषा कक्षा सञ्चालन गरिनेछ।

- अभिभावक शिक्षा, सचेतना लगायतका कार्यक्रम गरी उत्कृष्ट अविभावकलाई पुरस्कृत गरिनेछ ।
- निवृत्तिभरणको अवधी पुगेका शिक्षकलाई सेवाबाट अवकास लिन चाहेमा आकर्षक प्याकेजको व्यवस्था गरीनेछ ।
- शहिदका बालबच्चा, द्वन्द्वपीडित, अपाङ्ग, टुहुरा, अतिविपन्न परिवारका बालबालिका छनौट गरी प्राविधिक शिक्षा पढ्नको लागी छात्रवृतिको व्यवस्था गरिनेछ ।
- पालिका भित्रका सबै विद्यालयमा भूकम्प प्रतिरोधी पक्की भवन, बालमैत्री शौचालय, घेरावार, खेलमैदान, पुस्तकालय, प्रयोगशाला र इन्टरनेटको व्यवस्था गरिनेछ ।
- शैक्षिक क्षेत्रको अनुगमन नियमित र मूल्यांकनलाई प्रभावकारी बनाइनेछ ।
- शिक्षकलाई सेवामुलक तालिम र वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारीलाई नेतृत्व विकास तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालयमा बालमैत्री अपाङमैत्री कक्षाकोठा, स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ।
- खेलकुद र अतिरिक्त क्रियाकलापमा जोड दिनुका साथै विद्यालयमा स्काउट, रेडक्रस सर्कल, बालक्लव, किशोरी क्लवहरु गठन गरिनेछ ।
- शिक्षक-विद्यार्थी र अभिभावकको हरेक ४ महिनामा समीक्षा बैठक गरिनेछ ।
- शिक्षकहरुलाई विषयगत तालिम र पुरस्कारको व्यवस्था गरिनेछ ।
- निःशुल्क, अनिवार्य र प्रविधि मैत्री शिक्षामा जोड दिइनेछ ।
- कक्षा ८ को परिक्षालाई मर्यादीत बनाइनेछ, उत्कृष्टलाई पुरस्कृत गरिनेछ ।५ कक्षाको परिक्षालाई गाउँपालिका स्तरीय बनाइनेछ ।
- विद्यार्थिहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटनमा सहजिकरण गर्न **सुलिकोटको प्रतिभा खोज अभियान कार्यक्रम**लाई निरन्तरता दिइनेछ।
- पालिकाभित्रका सबै नागरिकहरुलाई देशभक्त, भविष्यप्रति आस्थावान, सभ्य,सुसंस्कृत, योग्य, प्रतिष्पर्धी, सिर्जनशिल, उद्यमशिल र आत्मविश्वासी बनाउनु बारपाक सुलिकोट गाँउपालिकाको मुल शिक्षा नीति हुनेछ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले परिलक्षित गरेबमोजिम आधारभूत तहको लागि (कक्षा ६-८ सम्म) स्थानीय पाठ्यक्रम निर्माण कार्य गरी उक्त पाठयक्रममा आधारीत कक्षा ६ देखी ८ सम्मको लागि स्थानीय विषयको पाठ्यपुस्तक निर्माण गरिनेछ।
- **अध्यक्षसँग विद्यार्थी कार्यक्रम** संचालन गरी विद्यार्थीलाई गाउँपालिका बारे सुचित बनाउने कोसिस गरिनेछ।

- अध्ययन सकेपछि अनिवार्य ३ वर्ष गाउँपालिका स्थित अस्पताल सेवा दिने सर्तमा प्रत्येक वर्ष रु ३,००,०००|- (तीन लाख) बराबरको **MBBS छात्रावृति** योजना लागु गरिनेछ।
- गणित र विज्ञान विषयलाई सबै विद्यालयमा अनिवार्य अंग्रेजी माघ्यमबाट पढाउने व्यवस्था गरिनेछ। त्यसका लागि यस आ.व तयारी गरी अर्को वर्षबाट लागु गरिनेछ।
- सिपयुक्त र दक्ष जनशक्तिको विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विकासमा जोड दिइनेछ।
- २०७७ देखि २०८५ लाई सार्वजनिक विद्यालय सबलीकरण दशकको रुपमा सफल पार्न सहयोग गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालमैत्री शिक्षा नवप्रवर्तन कार्यक्रम लाई निरन्तरता दिईनेछ।
- अभिभावक विहिन टुहुरा/संरक्षक नभएका बालबालिकालाई छात्रवास सहित शिक्षाको सुनिस्चितता गरिनेछ।
- करारमा रहेका शिक्षकहरुको अर्धवार्षिक रुपमा क्षमता जाँच परिक्षा द्वारा करार अवधि थप गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गरि प्रभावकारी कार्यान्वयन गरिनेछ।
- विद्यालयहरुको वृहत अनुगमन तथा प्रतिवेदन सहित विद्यालय सुधार कार्यक्रम लागु गरिनेछ।
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई आधारभूत कम्प्युटर सिप सिक्न आवश्यक व्यवस्था गरीनेछ ।
- विद्यार्थीहरुलाई दिवा खाजाको लागि स्थानीय क्षेत्रमा उत्पादन भएका खाद्य वस्तुको प्रयोगमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ।
- जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गराउने नीति लाई कार्यान्वयन गरिनेछ।
- हरेक विद्यालयहरुमा अभिभावक, शिक्षक, जनप्रतिनिधि लगायत सम्बद्धहरुसँग नियमित अन्तरक्रिया गरिनेछ।
- सूचकको आधारमा पुरस्कार र दण्डको व्यवस्था हुनेछ।
- गाउँपालिकामा नयाँ नियुक्ति भएका शिक्षक कर्मचारीहरुलाई १ वर्ष सम्म गाउँपालिका बाहिर सरुवा जान सहमति प्रदान गरिने छैन।

**(ख) स्वास्थ्य**

- नेपाल सरकारले निःशुल्क वितरण गर्ने भनि तोकेका सम्पूर्ण औषधी र आधारभूत स्वास्थ्य सेवा निःशुल्क र प्रभावकारी तुल्याइनेछ ।
- हुडिफाँटमा निर्माण भईरहेको १५ शैयाको शहिद प्रेम ढकाल स्मृति अस्पताल यथाशिघ्र निर्माण सम्पन्न गरी दक्ष प्राविधिक स्वास्थ्यकर्मीबाट सर्वसुलभ र गुणस्तरीय सेवाको व्यवस्था गरिनेछ।

- **"बारपाक सुलिकोटको चेली : उपाध्यक्षको कोशेली"** मार्फत गर्भ अवस्था तथा सुत्केरी महिलाहरुलाई पौष्टिक आहार नियमित प्रदान गरिनेछ।
- प्रत्येक वडामा कम्तिमा वर्षको एक पटक विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- सबै उमेर समूहका नागरिकहरुको स्वास्थ्य आवश्यकतालाई ध्यानमा राखी मातृ शिशु स्वास्थ्य, किशोर किशोरी मैत्री, यौनशिक्षा तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन, दीर्घरोगी, एच.आई.भी. पीडित लगायतका क्षेत्रमा कार्यक्रम निर्माण गरी लागु गरिनेछ।
- उच्च जोखिममा रहेका गर्ववती महिलाहरुलाई स्वास्थ्य संस्थामा पुर्याउन निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ र १ वडा १ एम्बुलेसको निति अनुरुप यस बर्ष थप १ वडामा एम्बुलेन्स व्यवस्था गरिनेछ ।
- विभिन्न महामारी, सरुवा रोग नियन्त्रणको लागि स्वास्थ्यकर्मीको अग्रसरता र नागरिक सचेतनामा जोड दिइनेछ ।
- **"विद्यार्थी संग स्वास्थ्यकर्मी कार्यक्रम"** संचालन गरिनेछ ।
- गाँउपालिकामा मनोसामाजिक परामर्श सेवा संचालन गरिनेछ ।
- प्रत्येक विद्यालयलाई प्राथामिक उपचारका स्वास्थ्य सामाग्री र गुणस्तरीय सेनिटरी प्याड उपलब्ध गराइनेछ ।
- स्वास्थ्य महिला स्वयमसेविकालाई यातायात, पोशाक, संचार खर्चको व्यवस्था गरिनेछ।
- स्वास्थ्य सेवा केन्द्रहरुको विस्तार र संस्थागत विकास गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ।
- पूर्ण खोप गाउँपालिका घोषणा प्रक्रियालाई अगाडी बढाइनेछ ।
- घुम्ती अल्ट्रासाउण्ड सेवा उपलब्ध गराई गर्भवती महिलालाई गाउँघरमा नै सुविधा उपलब्ध गराइनेछ ।
- मानसिक र दीर्घरोगीलाई निःशुल्क रुपमा औषधी प्रदान गर्ने व्यवस्था स्वास्थ्य चौकीबाट मिलाईनेछ ।
- यस गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट क्रमशः चौविसै घण्टा स्वास्थ्य सेवा प्रदान गरिने निति अबलम्बन गरिनेछ । चौबिसै घणटा सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई अतिरक्त सुविधाको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका नागरिकलाई थप स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुबाट दिने सेवालाई प्रभावकारी बनाउन हाललाई एक स्वास्थ्य केन्द्रबाट फार्मेसी सेवाको प्रबन्ध मिलाइनेछ । क्रमशः यस सेवालाई अन्यन्त्र पनि विस्तार गरिनेछ ।

- आधारभुत स्वास्थ्य सेवा एवं प्राथमिक स्वास्थ्य सेवाको पहच योग्य नभएका ठाउँहरुमा वा समुदायमा स्वास्थ्य सेवाको पहुच पुर्याउन सामुदायिक स्वास्थ्य इकाईहरुको विस्तार गरि स्वास्थ्य सेवालाई जनताको पहुँचमा योग्य बनाईनेछ ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाबाट संचालित गाउँघर क्लिनिक र खोप क्लिनिकको व्यवस्थापन र पूर्वाधारमा विशेष ध्यान दिईनेछ ।
- आँखा उपचार केन्द्रसँग समन्वय गरि प्रत्येक स्वास्थ्य संस्थाबाट चौमासिक रुपमा आँखा जाँच गर्ने व्यवस्था मिलाईनेछ ।
- बर्थिङ सेन्टरबाट दिईने सेवालाई अझ प्रभावकारी बनाउन आवश्यक सामाग्रीहरुको व्यवस्थापन र सुरक्षित सुत्केरी गराउने स्वास्थ्यकर्मीलाई प्रोत्साहानको व्यवस्था गरिनेछ । यस पालिका भित्रका गर्भवती र सुत्केरीका कारणले आमा र बच्चाको ज्यान जोखिममा पर्न जाने अवस्था रहेमा आमा र बच्चाको ज्यान बचाउन जति सको छिटो उपचार हुने ठाउँ सम्म पुर्याउन लाग्ने एम्बुलेन्स भाडाको व्यवस्था मिलाईनेछ।
- पोषणको स्थितिलाई यस पालिका भित्र मध्य नजर गरि सुनौला हजार दिनका आमा र बच्चा किशोरीहरुको पोषण स्थिती सुधार गर्न हाल कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याइनेछ ।
- सवै स्वास्थ्य संस्थाहरुमा वर्थिङ सेन्टर विस्तार गरि शुन्य होम डेलिभरीको निति लिईनेछ ।
- आगामी ३ (तीन) वर्ष भित्रमा २५ वर्ष देखि ६५ वर्ष सम्मका यस गाउँपालिका भित्र बसोबास गर्ने सबै महिलाहरुको पाठेघरको क्यान्सरको परिक्षाणको (VIA) व्यवस्था गर्ने निति लिइनेछ।
- बारपाक सुलिकोट गाउँपालिका भित्रका ५ (पाँच) वर्ष मुनिका बालबालिकाहरुको कुपोषण दर शून्य बनाउने नीति लिईनेछ ।
- गाउँपालिका भित्रका जेष्ठ नागरिक, क वर्गका अपाङ्गलाई घरदैलोमा र टोल-टोलमा पुगेर स्वास्थ्य सेवा प्रदान गरिएकोमा निशुल्क औषधी सहितको स्वास्थ्य सेवालाई निरन्तरता दिने नीति लिएको छ ।
- मधुमेह, मृगौला, कलेजो र विभिन्न सरुवा रोगहरुको न्यूनीकरण गर्न एवं स्वास्थ्य संस्थाको सेवा विस्तार गर्न सवै स्वास्थ्य संस्थाहरुबाट आगामी ५ वर्ष भित्रमा प्रयोगशाला सेवा विस्तार गर्न नीति लिईनेछ । यस आ.व. मा २ वटा स्वास्थ्य चौकीमा यो सेवा संचालन हनेछ । साथै प्रयोशाला सेवा संचालन कार्यविधि मार्फत सेवा सुचारु गर्ने नीति लिइनेछ ।
- किशोर किशोरीहरुको पोषणको अवस्था पत्ता लगाउन विद्यालयकै शारिरीक परिक्षण र रक्त अल्पताको लागि प्रयोगशाला परिक्षण गर्ने नीति लिइनेछ ।
- आर्थिक वर्ष २०८०।८१ मा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

- हरेक स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको प्रयोग गरि चौविसै घण्टाविद्युतिय सेवा उपलब्ध गराइनेछ ।
- टिटि खोपको सबै स्वास्थ्य चौकी बाट निशुल्क व्यवस्था गरिनेछ।
- स्वास्थ्य चौकीहरुको एम्बुलेन्स संचालन  सेवालाई व्यवस्थित गरिनेछ र लेखाप्रणालीको दायरामा ल्याईने छ।
- गाउँपालिका अन्तर्गतका वडाहरुमा सन्चालित प्रसुती गृहहरुमा प्रसुती महिला तथा स्याहारकर्ताहरुलाई खाना खाजाको व्यवस्था गर्न "**आमा भान्छा घर**"को व्यवस्था गरीनेछ ।
- **"बारपाक सुलिकोटको प्रतिवद्धता, स्वास्थ्य विमामा सबैको सहभागिता"** भन्ने नाराका साथ तथ्याङ्क संकलनको आधारमा आगामी २ बर्षमा स्वास्थ्य विमा अनिवार्य गरिनेछ।
- प्रेसर, सुगर विरामिहरुको निरन्तर जाँच गर्ने व्यवस्था मिलाईनेछ।
- सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु संग सहकार्य र साझेदारिमा गाउँपालिका स्तरीय आँखा शिविर र निशुल्क मोतियाविन्दु शल्यकृया संचालन गरिनेछ।
- आँखाको प्राथमिक उपचारको लागि गाउँपालिकामा प्राथमिक आखा क्लिनिकको संचालन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र नसर्नेरोग न्यूनिकरणका लागि सञ्चालनमा रहेका गाउँघर क्लिनिक मार्फत नियमित सेवा प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- विद्यालयमा आयुर्वेद तथा योग शिक्षाका माध्यमबाट विद्यार्थि तथा शिक्षकलाई आयुर्वेद तथा योग मार्फत स्वस्थ जिवनयापन गर्न कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वस्थ जीवनशैलिका लागि योग, ध्यान र सकारात्मक सोच सम्बन्धी प्रशिक्षण संचालन गरिनेछ।

**(ग) <u>खानेपानी तथा सरसफाई</u>**

- **"पिउने पानी पहुँचमा स्वच्छता र शुद्धता, एक घर एक धारा" बारपाक सुलिकोट गाउँपालिकाको प्रतिवद्धता"** भन्ने नाराका साथ पानीको स्रोत पहिचान गरी स्वच्छ सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी योजना निर्माण तथा सरसफाई सेवामा आम नागरिकको पहुँच स्थापित गरिनेछ । पिउने पानीमा सबैको पहुँचमा सुनिस्चितता गरिनेछ।
- मानव मलमुत्र तथा फोहोर पानी व्यवस्थापन गरी मानव तथा वातावरणीय स्वच्छता कायम गराउन, आयोजनाहरु समयमै सम्पन्न गराउन र व्यवस्थित रुपमा दिगो आयोजना निर्माणमा जोड दिइ फोहोर पानीको उत्सर्जन दुरुपयोग न्यूनिकरण गर्ने र फोहोर पानीको व्यवस्थापनमा जोड दिइनेछ ।
- जलवायु अनुकुल हुने र विपद न्यूनिकरण गर्ने, आयोजनाको दिगोपनमा ध्यान दिनुका साथै यस विषयमा जनचेतना अभिवद्धि गरिनेछ ।

- **"गाउँ सफा राखौं : स्वस्थ बनौ"** भन्ने मान्यताका साथ घरगाउँ सरसफाई अभियान सञ्चालन गरिनेछ।
- खानेपानी स्रोतको दिगोपना तथा सरसफाईका लागि मुहान संरक्षण, मुहान वरिपरी वृक्षारोपन, मर्मत सम्भार, साना आयोजना निर्माण, ढल निकास, डम्पिङ्ग साइट निर्माणका कार्यलाई सामाजिक कार्यमा आधारित रही जनसहभागितामा संचालन गरिनेछ ।
- प्रत्येक बजार तथा बस्तिहरुमा आवश्यकता अनुसार फोहोर संकलन तथा सार्वजनिक शौचालयको निर्माण गरिनेछ।
- प्लास्टिकमुक्त गाउँपालिका निर्माणको लागी वैकल्पिक उपाय सहित सरसफाई कार्यक्रम लागु गरिनेछ ।
- आधारभुत र स्वच्छ खानेपानीको सुनिश्चितता गर्न खानेपानिको मुहान संरक्षणमा जोड दिइनेछ ।
- प्रत्येक बजार तथा बस्तिहरुमा आवश्यकता अनुसार फोहोर संकलन गर्न डस्ट बिनको व्यवस्था तथा सार्वजनिक शौचालयको निर्माण गर्न जोड दिइनेछ।
- बारपाक ढल निकास लाई २ बर्ष भित्र सम्पन्न गरी सुन्दर र सफा बारपाक बनाईनेछ।

**(घ) सामाजिक, साँस्कृतिक, भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा**

- बारपाक सुलिकोट गाउँपालिका भित्र रहेका ऐतिहासिक, साँस्कृतिक सम्पदा, लोक कला, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्दै साँस्कृतिक कलाकर्मीहरुलाई उचित किसिमले प्रोत्साहन गरिनेछ ।
- स्थानीय मातृभाषा, कला, संस्कृति, भेषभुषा, सृजनशिलता, रितिरिवाज, चाडपर्व आदिको संरक्षण तथा सम्वर्द्धन गरिनेछ।
- समाज विद्यमान असल परम्परागत अभ्यास तथा प्रचालित कानूनहरुलाई अध्ययन गरी स्थानीय तहको कानूनमा समावेश गर्ने प्रयास हुनेछ।
- यस गाउँपालिका भित्र प्रचलित सबै धर्म, जातजाति, भाषाभाषि र धार्मिक समुदायका परम्परा, रितिरिवाज लगायत घाटु, सोरठी, रोधी, कौरा, झ्याउरे, पञ्चेवाजा जस्ता लोपोन्मुख संस्कृतिहरुका साथै विभिन्न धर्मवलम्बीहरुको आस्थाको केन्द्रको रुपमा मठमन्दिर, गुम्बा, चैत्य, मस्जिद, चर्च, पुजाघरहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ।
- ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाको खोज अन्वेषनमा जोड दिने र यसतर्फ लाग्ने व्यक्ति तथा समूहलाई प्रोत्साहित गरिनेछ ।
- गोरखा भुकम्प २०७२ स्मृति पार्क संरक्षण तथा प्रवर्द्धनको नीति लिइनेछ। बारपाकलाई राष्ट्रिय स्तरमा नै भुकम्प अध्ययन स्थलको रुपमा विकास गरिनेछ।
- दिल बहादुर रम्तेल स्मृतिपार्क निर्माण सम्मन्न गरी जनयुद्धका शहिदहरुको नामावली लेखन, युद्ध संग्रालय निर्माण संरक्षण र सम्बर्द्धन गरिनेछ ।

(ङ) <u>युवा, खेलकूद तथा तथा नवप्रवर्तन</u>

- **"राष्ट्रको लागि खेल, स्वास्थ्यको लागि खेल"** भन्ने नारा लाई व्यवहारमा कार्यान्वयन गरी खेल मार्फत मनोरञ्जन, तन्दुरुस्ती र आर्थिक आयआर्जन गर्ने वातावरण श्रृजना गरिनेछ।
- बहाकोटमा निर्माणधिन गाउँपालिका स्तरीय शहिद आशाकाजी श्रेष्ठ स्मृति रंगशालाको निर्माण कार्य यथाशिघ्र सम्पन्न गर्न जग्गाको सुनिश्चतता एक वर्षभित्र गरिनेछ।
- खेल क्षेत्रका कामलाई प्रोत्साहित गरी क्रिकेट, फुटबल, भलिबल, ब्याडमिन्टन, एथलेटिक्स लगायत खेलका लागि खेलकूद मैदान निर्माणको व्यवस्था गरिनेछ।
- युवाहरुलाई आवश्यकता अनुसार खेलकूद सामग्री, तालिम तथा रोजगारी सिर्जना गर्ने विभिन्न गतिविधिहरुमा लगानी गरिनेछ ।
- स्थानीय युवा परिषद् सम्बन्धी कानुन निर्माण गरी युवा वर्गमा देखिएका समस्या समाधान गर्ने पहल गरिनेछ।
- जिल्ला, प्रदेश, राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा गाउँपालिकाको प्रतिनिधित्व गरी पदक जिताउने खेलाडीलाई सम्मान तथा पुरस्कृत गरिनेछ।
- युवा उद्यम विकास कार्यक्रम संचालन गरी एक टोल एक युवा उद्यम समुह निर्माण गरी व्यवसायिक लगानिमा ८० प्रतिशत व्याज अनुदान दिइनेछ।
- युवाहरुलाई सक्षम, सबल र श्रम बजारमा स्वरोजगार हुने किसिमका तालिमहरुको व्यवस्था गरिनेछ ।
- वडा र पालिकास्तरीय खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ ।
- लागु औषध, जाँडरक्सी, जुवातास जस्ता विकृति विसंगतिबाट युवालाई मुक्त गर्ने गरी चेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।
- बारपाक सुलिकोट रनिङशिल्ड प्रतियोगिताको आयोजना गरिनेछ ।
- गाउँपालिकाको खेल विकासको लागि शहिद दिल बहादुर रम्तेल स्मृतिकप खेलकुद कार्यक्रम संचालन गरिनेछ।
- विभिन्न दुर्घटना, उदार, निर्माणका काममा युवा जनशक्ति प्रयोग गर्ने नीति लिइनेछ।
- बारपाकको खेलमैदानलाई योजनावद्ध रुपमा स्तरीकरण गरिनेछ ।
- समयानुकुल युवा र नवप्रवर्तनलाई समानजस्यता तथा आन्तरिकिकरणमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

(च) **लैंगिक समानता, सामाजिक न्याय, समावेशीकरण र सामाजिक सुरक्षा**

- महिलाहरुलाई कुनै पनि पेशामा निर्वाद रुपमा लाग्ने र समान कामको समान ज्याला उपलब्ध गराउने वातावरण श्रृजना गरिनेछ ।
- अपाङ्ग परिचय पत्रको आधारमा सामाजिक सुरक्षा भत्ता तथा सीपमुलक तालिमको व्यवस्था गरिनेछ साथै रोजगारी सृजनाको लागि पहल गरिनेछ।
- सबै प्रकारका बालश्रम अन्त्य गरिनेछ ।
- लैंगिक हिसां विरुद्ध उपाध्यक्ष कार्यक्रम संचालनमा निरन्तरता दिइनेछ ।
- सामाजिक कुरीति र कुसंस्कार विरुद्ध कानूनी र सचेतना मार्फत सामाधानमा जोड दिइनेछ ।
- बालविवाह, बहुविवाह, जाँडरक्सी, जुवातास, बोक्सी, धामी, जादुटुना, लागु पदार्थ ओसार पसार, महिला बेचविखन लगायतका गैरकानुनी कार्यको अन्त्य गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- लघु उद्योगको विकास गरी महिला, दलित तथा सीमान्तकृत समुदायको लागि स्वरोजगारको व्यवस्था गरिनेछ ।
- दलितहरु माथि हुने सवै प्रकारका छुवाछुत र भेदभावको पूर्ण उन्मुलन गरी सामाजिक सदभावयूक्त सभ्य समाज निर्माण गरिनेछ ।
- महिलाहरुको आर्थिक, सामाजिक सशक्तीकरणका लागि व्यवसायिक सीप विकास तथा उत्पादनशिल विकासका कार्यक्रम संचालन गरिनेछ ।
- दलित, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको परम्परागत व्यवसाय तथा पेशाको संरक्षण र उनिहरुको उत्थानको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला, अपाङ्ग, अतिसिमान्तकृत, अल्पसंख्यक, पिछडीएको समुदाय तथा विपन्न वर्गलाई आत्मनिर्भर बनाउन घरेलु तथा आधुनिक शिपमूलक तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न परियोजनाहरु सञ्चालन गरिनेछ।
- महिलाहरुलाई स्वरोजगार बनाउन सीपमूलक तालीम संचालन गरी आय आर्जनमा आत्म निर्भर बनाउने तिर जोड दिने ।
- संघीय सरकारले उपलब्ध गराउने जेष्ठ नागरिक भत्ता यथासमयमै बडा कार्यालय बाट उपलब्ध गराइनेछ । गाउँपालिकाबाट थप सम्मान कार्यक्रम अगाडि बढाइनेछ ।
- महिलाहरुको पैत्रिक सम्पत्तिमाथि समानहक स्थापित गर्न विशेष अधिकार सहित समान सहभागीताको ग्यारेन्टी गर्ने ।
- महिलाहरुलाई पेशामा निर्वाद ढंगले लाग्ने अधिकार सहित पुरुष र महिलाको पारिश्रमिक समान हुने व्यवस्था गर्ने ।

- बालवालिकाको पोषण र शिक्षामा विशेष ध्यान दिइनेछ । असहाय असक्त वालवालिकाको संरक्षण र शिक्षामा ध्यान दिइनेछ ।
- जेष्ठ नागरिकका अनुभव, ज्ञान, सीपको कदर गर्ने र उनिहरुका जटिल समस्या सामाधान तिर ध्यान दिइनेछ ।
- दिवसहरुमा सम्बन्धीत विषयवस्तुमा अन्तरक्रिया तथा विभिन्न कार्यक्रम संचालन गरिनेछ।

**(छ) <u>सरकारी तथा गैह्र सरकारी संघ, संस्था, समन्वय तथा परिचालन</u>**

- • बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्र स्थानिय सरकारको नीति कार्यक्रम र मापदण्ड भित्र रहि कार्यक्रम गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय गरी आकर्षित गर्ने नीति लिइनेछ ।
- कुनै पनि सरकारी गैरसरकारी संघसंस्था निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र, आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरूप आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्थालाई स्थानीय सरकार कार्यविधि बनाएर कार्यक्रम कडाइका साथ लागु गरिनेछ।
- गैरसरकारी संस्था संचालन कार्यविधि समयसापेक्ष परिमार्जन गरि प्रभावकारी बनाइनेछ । योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा एकद्वार नीति लिइनेछ । साथै सामाजिक क्षेत्रका सेवा प्रदायक संघसंस्थाहरूसँग कार्यसम्पादन करार गरी सोको कार्यान्वयन अवस्थाको निरन्तर नतिजामूलक अनुगमन र निरीक्षण गरिनेछ ।
- सरकार र सामुदायिक संस्थाबिचको समन्वय, सहकार्य र अन्तरसम्बन्धलाई उपलब्धिमुलक तुल्याउन, सबै संघ सस्थाहरुका बार्षिक कार्यक्रम पेश गर्न लगाइ कार्यक्रम कार्यन्वयन तथा समन्वय सम्झौता गरिनेछ । जसले गर्दा कार्यक्रममा रहने दोहोरोपनाको अन्त्य हुनेछ भने प्रभावकारी नियमन र अनुगमनमार्फत वास्तविक उपलब्धि हासिल हुनेछ । यसबाट संस्थागत अन्तरसम्बन्ध तथा समन्वयमा बढावा हुने हुदाँ संस्थागत आकर्षण र क्रियाशिलता बढ्ने अपेक्षा लिएको छु ।

**(ज) <u>शहिद परिवार, वेपत्ता परिवार, घाइते योद्धाबारे</u>**

- १० वर्षे महान जनयुद्ध र जनआन्दोलनका क्रममा शाहदत्त प्राप्त गर्ने शहिदहरुको स्मृति र सम्मान हुने विशेष कार्यक्रम संचालन गरिनेछ । फागुन १ गते जनयुद्ध दिवसको सन्दर्भमा गाउँपालिका भित्र सार्वजानिक विदा निति लिईनेछ।
- शहिदका नामबाट पार्क, स्तम्भ खडा गरी इतिहासको संरक्षण गरिनेछ।
- शहिदका छोराछोरीलाई शिक्षा र रोजगारीका अवसरमा प्राथामिकता दिइनेछ ।
- घाइतेहरुको निःशुल्क उपचारगर्ने र छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।
- शहिदहरुलाई सम्मान गर्ने संस्कृति निर्माण गर्ने, शहिदका जीवनी प्रकाशन गर्ने, शहिद परिवार सम्मान कार्यक्रम आयोजना गरीनेछ ।

**(२) <u>पूर्वाधार विकास क्षेत्र</u>**

**(क) <u>भवन, बस्ती, आवास तथा सहरी विकास</u>**

- सुरक्षित आवास सुविधा सबै नागरिकको अधिकार भएकोले सुलभ र सुरक्षित आवास निर्माणमा जोड दिइनेछ ।
- सार्वजानिक तथा व्यवसायिक प्रयोजनका भवनहरु निर्माण गर्दा सुरक्षा सम्बन्धि मापदण्डलाई ध्यान दिइनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता कार्यान्वयनमा ल्याईनेछ।
- बारपाक सुलिकोट गाउँपालिका भित्रका घरधुरी एकिन गरी गाउँपालिकाको सेवालाई प्रभावकारी रुपमा कार्यान्वयनका लागी घर नम्बर राख्ने कार्यक्रम संचालन गरीनेछ ।
- दलितवस्ती लगायतका घर निर्माण गर्न नसकेका विपन्न एवं असाहाय गरीव नागरिकलाई आवश्यक सहयोग निति लिईनेछ ।
- अव्यवस्थित र असुरक्षित भवन र संरचनाहरु हटाई मापदण्ड अनुसार बनेका भवन र संरचनाहरुको नक्सा पासको प्रक्रिया कार्यान्वयन ल्याईनेछ।
- गाउँपालिका क्षेत्र भित्र संचालन हुन सक्ने साना जलविधुत आयोजना संचालनका लागी थप सम्भाव्यता अध्ययन गरिनेछ।
- विधुतिकरण भएका टोल बस्तीहरुमा जोखिमयुक्त प्रसारण लाईनलाई नेपाल विधुत प्राधिकरणसंगको समन्वय र सहकार्यमा व्यवस्थित गरीनेछ ।
- राहतको उपयुक्त सदुपयोग गर्न नसकेका, राहत पाउन नसकेका, ढिला भई छुटेका र अन्य केही समस्या भएका व्यक्तिहरुलाई सहयोग र समन्वयको सुनिस्चित गरिनेछ।
- भुकम्पबाट भत्किएका केहि सामुदायिक तथा सार्बजनिक भवनहरु, विद्यालय, स्वास्थ्य चौकी, ऐतिहासिक धार्मिक तथा साँस्कृतिक धरोहरको पुनःनिर्माण हुन बाँकी छ। त्यसको पुनःनिर्माणको लागि विभिन्न श्रोतहरु जुटाई तत्काल निर्माण सम्पन्न गरिनेछ।
- बारपाक लगायतका अन्य गाउँहरुको अध्ययन तथा सर्वेक्षण गरी स्मार्ट गाउँको रुपमा विकास गर्ने उद्धेश्य सहित आवश्यक पुर्वाधारको तयारी गरिनेछ।

**(ख) <u>सडक, पुल तथा यातायात व्यवस्था</u>**

- 'समृद्धिको आधार आधुनिक भौतिक पूर्वाधार' को नारालाई आर्थिक विकासको मूल नारा बनाइनेछ । विकसित भौतिक पूर्वाधार विना आर्थिक समृद्धि र जनजीवनमा सहजता असम्भव भएकोले सडक, खानेपानी, विद्युत, आवास तथा सहरीकरण, सार्वजानिक भवन जस्ता विषयमा उच्च प्रथामिकता दिइनेछ ।
- गाउँपालिकाको सबै वडाहरुसम्म १२ महिना नै चल्ने गुणस्तरिय सडक स्तरोन्नती गरी निर्माण गरिनेछ।

- बारपाक सुलिकोट गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन २०७६ का व्यवस्थाहरुलाई कडाईका साथ लागु गर्दै लगिनेछ।
- हाल निर्माण कार्य भईरहेको घ्याम्पेशाल, देउराली, ताकु, स्वाँरा, सौरपानी हुँदै बारपाक सम्म जोड्ने सडकको कालोपत्रे गुणस्तरीय र समयमा गर्न समन्वय र सहकार्य गरिनेछ।
- गाउँ सडक गुरुयोजना निर्माण गरिनेछ ।
- देउरली-अमले-तुलवीर चौतारा-बाहमुले सडकलाई प्रथामिकता दिईनेछ ।
- उल्टे,मसार, भालुस्वाँरा, डाँडागाँउ. पाल्खु हुँदै गाउँपालिका सम्म जोड्ने सडक १२ महिना सञ्चालन हुने स्तरीय सडक निर्माण गर्न समन्वय र सहकार्य गरिनेछ।
- चनौटे, ताकुमाझलाकुरीबोट हुँदै गाउँपालिका सम्म १२ महिना सञ्चालन हुने स्तरीय सडक निर्माण गरिनेछ।
- बहाकोट, गुर्दुम, ग्याजी रातमाटे सुलिकोट खार्चोक भञ्याङ जोड्ने सडक स्तर उन्नति गरिनेछ । वैकल्पिक सडकको रुपमा विकास गरिनेछ ।
- गाउँपालिका भित्र सर्वसुलभ आवतजावतको लागि गुणस्तरीय र व्यवस्थित सार्वजनिक यातायात सञ्चालन गरिनेछ।
- **विशिष्ट पहिचान र परिस्कृत मानवस्रोतको आधार : वडा/टोलमा स्तरीय सामाजिक पूर्वाधार"** भन्ने अभियान सञ्चालन गरिनेछ ।
- पालिकामा हुने भौतिक पूर्वाधार निर्माण र लक्षित वर्गका कार्यक्रममा सम्बन्धित क्षेत्रका युवा तथा वेरोजगार व्यक्तिहरुलाई दक्षता र क्षमताको आधारमा संलग्न गराई स्वरोजगार गराउने नीति लिइनेछ ।
- साना खोलामा झोलुङे पुल र गाडी जाने खोलामा मोटर पुल निर्माण गरिनेछ ।
- सडक सरसफाई, ढलनिकास र सडक सुरक्षामा विशेष ध्यान दिइनेछ
- उपभोक्ता समितिको कार्य क्षमता, कार्य कुशलता अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय संरचनाहरुको स्थानीय तथा परम्परागत कला, संस्कृति झल्को आउने विषयलाई प्राथमिकता दिइनेछ ।

**(ग) <u>जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा</u>**

- बारपाक सुलिकोट गाउँपालिकाका सबै घर परिवारमा विद्युत पुयाउने कार्य तदारुकताका साथ सम्पन्न गरिनेछ ।
- जलविद्युत बाहेकका सौर्य उर्जा, गोवर ग्यास, बायोग्यास जस्ता वैकल्पिक विधि पनि प्रयोग गरिनेछ।

- गाउँपालिका १-४ नम्बर वडा सम्म केन्द्रीय विद्युत विस्तारमा भएको ढिलाइलाई तदारुकताका साथ अघि बढाउन र ५-८ नम्बर बडा सम्मको सामुदयिक विद्युत वितरणको प्रकृयामा देखिएको जटिलतालाई सहजीकरण गर्न पहल गरिनेछ।
- स्थानीय स्तरका लघु जलविद्युत लाई संरक्षण र व्यवस्थापन गरिनेछ।
- जलस्रोत लगायतका प्राकृतिक स्रोतको संरक्षण र संवर्द्धन गरिनेछ।

**(घ) <u>सूचना तथा सञ्चार प्रविधि</u>**

- गाउँपालिकाका सबै विषयगत कार्यालयहरुमा काम प्रभावकारी तुल्याउन डिजिटल सेवा प्रवाहका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- हाल संचालनमा रहेका अस्पताल, आधारभूत तथा माध्यामिक विद्यालय, प्राविधिक शिक्षालय, वडा कार्यालयमा द्रत गतिको इन्टरनेट सेवा जडान गरी सेवा प्रवाहमा व्यवस्थित गराइनेछ ।
- मिडिया क्षेत्रका संयन्त्र मार्फत बारपाक सुलिकोट गाउँपालिका सरकारका गतिविधिको प्रचारप्रसार र सार्वजनिक सूचनाको जानकारी गराईने ।
- गाउँपालिका तथा वडा कार्यालयहरुमा हस्तलिखित रुपमा संचालनमा रहेका सेवालाई सूचना प्रविधि मैत्री बनाउदै तालिमद्वारा कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- सूचना तथा सञ्चार प्रविधि पहुँच अपर्याप्त रहेका ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा प्रविधिको विस्तारका लागि त्यहाँका वासिन्दाहरुलाई सूचना तथा सञ्चार प्रविधिका उपकरणमा सहज पहुँच पुऱ्याउनका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सांस्कृतिक, धार्मिक तथा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसारका लागि सूचना प्रविधिको प्रयोग गरिने नीति लिइनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहलाई छिटोछरितो, चुस्त दुरुस्त, पारदर्शी बनाउन बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- इन्टरनेटको व्यापक प्रयोगसँगै सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा साइवर सुरक्षा (Cyber Security) सम्बन्धि जनचेतना अभिवृद्धि कार्यक्रम गरिनेछ।

**(ङ) <u>भू-उपयोग तथा व्यवस्थापन</u>**

- गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गरी लागु गरिनेछ र भूमिको वर्गीकरण योजनालाई व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ। नीजि र सरकारी कृषियोग्य भूमि बाँझो राखिने छैन।
- लामो समयदेखि समाधान हुन नसकेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी यथार्थ लगत लिई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ ।
- अति गरिब, एकल र सीमान्तकृत भूमिहीन परिवारको लागि आवास निर्माण र जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।
- सडक निर्माणको परेको जमिनको लगतकट्टा गर्नका लागि प्रक्रिया अगाडी बढाइनेछ।
- जमीन बाँझो राखेमा जरिवाना गर्ने नीति लिइएको छ भने बाँझो जमिन खेती गर्ने नितिलाई प्रोत्साहन दिने नितिलाई यथावत दिईनेछ ।

## (३) <u>आर्थिक विकास क्षेत्र</u>

### (क) <u>कृषि तथा पशुपन्छी विकास</u>

- बारपाक सुलिकोटबासीको मुख्य पेशा नै कृषि भएकाले कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण र उत्पादित वस्तुहरुको बजारीकरणलाई ध्यान दिइनेछ ।
- स्थानीय खोला तथा पोखरीहरुमा आधुनिक माछापालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- बारपाक र पाल्खुमा स्थानीय कृषि तथा उद्योगहरुबाट उत्पादित बस्तुहरुको बिक्रि वितरणको लागि कोशेली घर स्थापना गरिनेछ ।
- कृषि एम्बुलेन्सको व्यवस्था गरी उत्पादीत कृषी उपजलाई सहज ढंगबाट बजार सम्म पु-याउन टेवा पुयाईनेछ।
- कृषि प्रविधि र प्राविधिकको व्यवस्था गरी किसानको घरदैलो मै कृषि सेवा उपलब्ध गराइनेछ ।
- किसानहरुलाई सुधारिएको गोठ, मल खाडल र पिसाब संकलन गर्ने ट्यांकी निर्माण गर्न प्रेरित गरिनेछ ।
- किसानहरुलाई कृषि र पशुपंक्षी विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- प्रत्येक वडामा साइलेज बनाउने तालिमको व्यवस्था गरिनेछ।
- दरौदी कोरिडोरलाई कृषि उत्पादन पकेट क्षेत्र बनाउने नीति लिइनेछ।
- व्यवसायिक पशुपंक्षीपालन, घाँस खेती, नर्सरी स्थापना गरी व्यवसायिक किसानलाई अनुदानको व्यवस्था गरिनेछ ।
- वन्यजन्तुबाट कृषकहरुलाई हुने क्षति न्यूनिकरणको लागि आवश्यक पहल गरिनेछ।

- **"सरकारको अनुदान : कृषकको उत्पादन"** भन्ने मुल नाराका साथ गत वर्षको अनुभवको आधार, सहकारी तथा समुहहरुको सहयोगमा वडाहरुमा संकलनकेन्द्र मार्फत उत्पादनमुखी अनुदानलाई व्यवस्थित, निरन्तरता र कार्यान्वयन गरिनेछ।
- कृषिको व्यवसायिककरण तथा विविधिकरणमा जोड दिइ आयआर्जन तथा रोजगारीका थप अवसहरु सृजना गरिने छ।
- प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धन लाइ प्रोत्साहान गरिने छ ।
- वर्षै भरी सिंचाइ सेवा उपलब्ध गराउनको लागी सार्वजनिक पोखरी, कुलो, कुवा, खोला, नदी, जस्ता प्राकृतिक जलस्रोतको संरक्षण गर्नुको साथै नयाँ प्रविधिमा आधारित सिचाई जस्तै थोपा सिंचाइ तथा प्लाष्टिक पोखरीको विस्तार, प्रवर्द्धन तथा विकास गरिने छ ।
- **"एक वड़ा : एक विशेष बाली"** अवधारणाको अवलम्बन गरी स्थानिय स्तरमा सम्भाव्य देखिएका वालीवस्तुहरुको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिका स्तरिय माटो परिक्षण प्रयोगशाला स्थापना गरिनेछ।
- कम तौल तथा बढी मुल्य जाने कृषि वस्तुहरु (मसला बाली)को उत्पादनलाई प्राथामिकता दिईनेछ ।
- गाउँपालिका भित्रका कृषकहरुलाई गुणस्तरयुक्त वीउको प्रयोगमा जोड दिन वीउमा आत्मनिर्भरता सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
- **"सूचनाको पहुँचमा कृषक"** भन्ने मुल मन्त्रका साथ गाउँपालिका स्तरिय गठित कृषि संजाललाई व्यवस्थित बनाई कृषक संग नियमितरूपमा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रमा उत्पादित कृषि उपज (आलु, किवि, एभोकाडो) लाई विविधिकरण गर्न मुल्य श्रृङ्खलाको अवधारणा ल्याईनेछ ।
- अगुवा कृषकलाई अध्ययन अवलोकन भ्रमण, तालिम तथा उत्कृष्ट कृषकलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको विभिन्न भागमा पुष्प खेति विस्तार गर्न पुष्प नर्सरी स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- तेलहन बाली प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- कोल्ड स्टोरको निर्माण तथा सञ्चालन गरिनेछ।
- पशुपालनलाई आधुनिकिकरण, व्यवसायिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आयआर्जन तथा रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछ।
- पशुपालन व्यावसायलाई आधुनिक, प्रतिस्पर्धी, मर्यादित र वातावरण मैत्री बनाई पशुजन्य पर्दाथको आन्तरिक मागको आपुर्ति र आयात प्रतिस्थापन गर्दै क्रमश निर्यात प्रवर्द्धन गरिनेछ ।
- पशु उत्पादन बढाउन पशु पोषणको कार्यक्रम तथा उत्पादन प्रोत्साहन गरिने छ भौगोलिक

प्रकोप, माहामारी रोग र अन्य जोखिमबाट पशुपालक कृषकहरुलाई त्यस व्यावसायबाट हुने आर्थिक नोक्सानी र जोखिम न्युनिकरण गर्नका पशु बिमाका लागि बजेट विनियोजन गराईनेछ ।

- पशु नश्ल सुधार गर्ने,उन्नत जातको पशुपालन जोड दिई पशुपालक कृषकहरुलाई व्यावसायिक बनाउदै पशुपालनलाई कृषकको मुख्य आयआर्जनको स्रोतको रुपमा परिवर्तन गर्नेका लागि पशुवस्तुमा कृत्रिम गर्भाधारण कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- पशुवस्तुको अवस्था सम्बन्धि जानकारी लिई पशु विकासका लागि प्रभाकारी, भौगोलिक र कृषकहरुको आवश्यकता अनुकुल योजना बनाउन पशुवस्तुको विवरण तथा तथ्याङ्क संकलन गरिने छ ।
- छाडा कुकुरको व्यावस्थापनका लागी बन्ध्याकरण गरि रेबिज रोगको महामारीको नियान्त्रणको व्यावस्था मिलाइने छ ।
- **"स्वस्थ मासु, स्वस्थ जिवन"** भन्ने नाराको प्रयोग गरी स्वास्थ्य मासु उत्पादनका लागि पशुमा लाग्ने रोगको उपचार तथा महामारी नियन्त्रणको लागी औषधी, पशु स्वास्थ्य शिविर तथा खोप कार्यक्रम गरिनेछ ।
- स्थानिय उत्पादनको बजारीकरणको लागी घुम्ति हाट बजार, संकलन केन्द्र, कोसेलि घर तथा प्रदर्शनि स्थलको व्यबस्था गरिनेछ।
- वजारको माग/उत्पादन हेरेर सिप मुलक तालिमको व्यबस्थापन गरिनेछ।
- उत्पादनमा आधारित अनुदानलाइ थप प्रभावकारी र परिस्कृत बनाइ अनुदान वितरणको व्यावस्था मिलाइनेछ।
- जलवायु परिवर्तन अनुकुलन हुने खालका प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्दि गर्ने निति अवलम्बन गरिनेछ।

**(ख) <u>सिंचाई</u>**

- पालिका भित्र रहेको पानीको स्रोतको पहिचान गरी कुलो सिंचाइ, लिफ्ट सिंचाइ, थोपा सिंचाइ, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी निर्माणमा जोड दिने र त्यमा प्रविधिको उच्चतम प्रयोग गर्ने नीति लिइनेछ ।
- निर्माणाधीन आयोजना तत्काल सम्पन्न गर्ने र पुराना आयोजनाको मर्मत संभार गर्ने कार्यलाई जोड दिइनेछ ।
- सिंचाइको सुविधालाई किसानको आधारभूत आवश्यकता ठानी प्राथमिकताका साथ सिंचाइको व्यवस्था गर्ने नीति लिइएको छ।

**(ग) <u>पर्यटन</u>**

- पर्यटन क्षेत्रको पूर्वाधार निर्माण गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ।

- गाउँपालिकाका सम्भावित स्थानमा होमस्टे सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।
- बारपाक भ्यूटावर, इपीसेन्टर ट्रेल, सुलिकोट, ताकुकोट, लाप्राक जाने ट्र्याक, दिलबहादुर स्मृति पार्क, भुकम्प स्मृति पार्क, नारदपोखरी, सिता गुफा, देउरालीको मुलाबारी, देवी देउराली पार्क, ,संग्राहलय लगायत गाउँपालिका भित्र रहेका गुफा, मन्दिर, पुजा स्थलको पहिचान गरी व्यापक प्रचार प्रसार गरिनेछ।
- बारपाकलाई गोरखा भूकम्प २०७२ को बारेमा अध्ययन र भूकम्पको केन्द्र रहेको स्थानलाई संरक्षण तथा प्रचार प्रसार गरिनेछ ।
- कृषि पर्यटनको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- बजेनीताल- सुलिकोट- रुपाकोट क्षेत्रको पर्यटन पूर्वाधारको सम्भाव्यता अध्ययन गरिनेछ।
- रुपाकोट उलाजुङ-धार्चे बर्दिडाँडा मम्चे थामडाँडा हातिसुडे लगायतका क्षेत्रमा मनोरम स्थलहरुको पूर्वाधार निर्माण तथा संरक्षण गरी पर्यापर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- संभावित स्थानहरुमा शहिद स्मृतिपार्क तथा पिकनिक स्पोटहरुको निर्माण गरिनेछ ।
- पर्यटकीय पथमार्गहरु, प्राकृतिक स्थलहरु तथा साँस्कृतिक सम्पदाहरुको अनुसन्धान, पहिचान, विकास तथा प्रचारप्रासार गर्न र बाह्य तथा आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ।
- देउराली, सुलिकोट, थला, रन्चोक, बारपाक पर्यटन पदमार्ग निर्माण गरिनेछ।
- बारपाक रुबीनाला पर्यटकीय पदमार्गको प्रचारको व्यवस्था गरिनेछ ।इपिसेन्टर सर्किटको सम्भाव्यता अध्ययन गरिनेछ।
- होम स्टे तथा स्थानिय होटलहरुमा स्थानिय उत्पादनबाट बनेका खाद्य पदार्थको प्रयोग गर्ने निति ल्याइनेछ।
- पर्यटन गुरु योजना निर्माण गर्ने र बारपाकमा आउने पर्यटकलाइ पालिकाका अन्य पर्यटकीय स्थल ( हेर्न लाएक ठाउहरु जस्तै सिता गुफा, सुलिकोट डाडा, रम्तेल पार्क लगाएतका स्थान हरुलाइ जोडेर पर्यटन सर्किट वनाउने निति अबलम्बन गरिनेछ।
- शहिद दिल बहादुर रम्तेल स्मृति पार्कलाई थप विस्तार र व्यवस्थित गरिनेछ र द्वन्द्वमा जीवन गुमाएका सबै नागरिकको सूचि अद्यावधिक गरिनेछ।यसलाई युद्ध सङ्ग्रहालयको रुपमा विकास गरिनेछ।
- भुकम्प स्मृति संग्रालयमा श्रव्य-दृष्य, वृत्तचित्र सहित प्रदर्शन कक्ष निर्माण गरी पर्यटन प्रवर्द्धन गरिनेछ।

### (घ) <u>सहकारी तथा गरिवी निवारण एबम् वित्तिय क्षेत्र</u>

- सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐनलाई समय अनुकुल परिमार्जन गरिनेछ ।

- सहकारीको समायोजन गरी गुणस्तरीय बनाउने नीति अवलम्बन गरिनेछ।
- **एक सहकारी, एक उत्पादन** नीतिलाई अवलम्बन गरिनेछ।
- सहकारीहरुलाई तालिम, अनुगमन, समन्वय र आवश्यक क्षमता विकासको नीति लिइनेछ।
- **'गाउँगाउँमा सहकारी घरघरमा रोजगारी'** भन्ने नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषि जन्य र वनपैदावरमा आधारित उद्योग स्थापना गरी रोजगारी श्रृजना गर्ने, साथै प्रत्येक वडामा शहिद परिवार, द्वन्द्वपीडित, अतिविपन्न, एकल महिलाहरुको सहकारी संस्थामा शेयर सुनिश्चित हुने व्यवस्था मिलाइनेछ ।
- कृषि सहकारीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- वित्तीय सहकारी मार्फत किसानहरुलाई सहुलियत व्याजमा ऋण उपलब्ध गराइनेछ।
- ताकुकोट पाल्खुमा रहेको ग्लोबल आइएमई बैंक र बारपाकमा रहेको प्रभु बैंकको शाखालाई स्तरीय, सरल र छिटोछरितो सेवा प्रदान गर्नका लागि आवश्यक समन्वय तथा व्यवस्था गरिनेछ ।
- गाउँपालिका अध्यक्ष गरिवी निवारण कार्यक्रम मार्फत युवाहरुलाई तालिम, सहुलियत लगायत कार्यक्रम मार्फत रोजगारीको पहल गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरूको निर्यातको लागि सहकारीहरुसँग समन्वय गरी कृषकहरुलाई उत्पादनमा आधारित अनुदान प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- सौरपानी, देउराली क्षेत्रमा थप बैंक शाखाहरु स्थापना जोड गरिनेछ ।

**(ङ) <u>उद्योग, व्यापार तथा व्यवसाय</u>**

- विभिन्न व्यवसायलाई दर्ताको अनिवार्य दायरामा ल्याईनेछ।
- खनिज, कृषि र वन पैदावरमा आधारित घरेलु तथा साना उद्योगहरुको स्थापना गरी रोजगारी र आयआर्जनमा बृद्धि गरिनेछ ।
- गाँउपालिका भित्र रहेको खानी तथा खनिजपदार्थहरुको अन्वेषण र उत्खनन गर्नका लागि व्यवस्था मिलाइनेछ र यसमा आधारित उद्योगलाई प्रोत्साहीत गरिनेछ।
- अल्लो प्रशोधन केन्द्रको विस्तारिकरण र अल्लो बाट बनाउन सकिने सामाग्रीको लागी तालिमको व्यवस्था तथा बजारीकरणको लागी व्यवस्थापन गरिनेछ।
- कृषि, वन तथा घरेलु उद्योगहरु संचालन गर्ने युवाहरुलाई प्रोत्साहन स्वरुप अनुदान र पुरस्कारको व्यवस्था गरिनेछ।
- सिस्नो, लोक्ता लगायतका स्थानीय कच्चा पदार्थबाट उत्पादन वृद्धि गर्न सहयोग गरिनेछ ।
- बजार अनुगमन र नियमन प्रभावकारी गराइनेछ ।
- हस्तकला र परम्परागत सिप तथा प्रविधिमा आधारित उद्यमशिलता प्रवर्द्धनको नीति लिइनेछ।

- लघु उद्यम कार्यक्रम मार्फत तालिम, प्रविधि हस्तान्त्रण, विउपूजी प्रवाह र बजारीकरण सहयोग मार्फत स्थानीय उद्यमी विकासमा जोड दिइनेछ र उत्पादनको आधारमा ५ प्रतिशत थप अनुदानको व्यवस्था गरिनेछ ।
- लघु तथा घरेलु उद्योगहरुको तथ्यांक संकलन गरी उद्योगहरुको लगत राख्ने र त्यसको प्रवर्द्धन र विकासमा जोड दिने नीति अवलम्बन गरिनेछ ।
- युवा स्वरोजगारको लागि सीपमूलक तालिमको व्यवस्था गरिनेछ।

(छ) <u>खानी तथा खनिज</u>

- वातावरण प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम बाताबरण प्रभाव मुल्याङ्कन गरी गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, बालुवा उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।त्यसै गरि ग्याजी तामाखानी लगायत अन्य खनिज पदार्थहरुको उत्खननलाई पनि जोड दिइनेछ ।

(ज) <u>श्रम/रोजगार</u>

- शैक्षिक तथा गैह्र शैक्षिक वेरोजगारहरुको लगत तयार गरिनेछ ।
- श्रम सहकारी मार्फत कामका लागि खाद्यान्न वा स्थानीय विकास निर्माणका काममा श्रम प्रयोग गरिनेछ ।
- श्रमिकहरुको न्यायोचित हकहित तथा सामाजिक सुरक्षाको संरक्षण गर्न श्रमिक संगठनको सुझावका आधारमा कार्यक्रम तय गरिनेछ ।
- वैदेशिक रोजगार सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ।गाउँपालिकावासीलाई विदेशमा काम लाग्ने सीप सिकाएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावरण मिलाइनेछ।त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी गाउँपालिकाको आर्थिक वृद्धिमा टेवा पुऱ्याइनेछ।

(४) <u>बन, वातावरण तथा विपद व्यवस्थापन</u>

(क) <u>बन, हरियाली र जैविक विविधता</u>

- वनजंगलको नक्साङ्कन र संरक्षण गरिनेछ । त्यहाँ भित्र रहेका काठपात, रुखविरुवा, जडिवुटी र पशुपंक्षीको संरक्षणमा विशेष जोड दिइनेछ ।

- डडेलो लगाउने संस्कृतिलाई निरुत्साहित गर्न आवश्यक दण्ड जरिवानाको निति लिइनेछ र त्यस्ता कार्य कोही कसैले गरेको सूचना दिनेलाई पुरस्कृत गरिनेछ ।
- वन जंगलको संरक्षण र सदुपयोग गर्नको लागि जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ। वनजंगल भित्रका रुख विरुवा, काठपात, जडीबुटी, पशुपंक्षीको संरक्षण र सदुपयोग गर्नमा जोड दिइनेछ।
- वनडढेलो लाग्नबाट जोगाउनको लागि र डढेलो लगाउने ब्यक्ति पत्ता लगाइ कानूनको दायरामा ल्याउन सामुदायिक वन उपभोक्ता समितिहरुको क्षमता विकास गरी जिम्मेवार बनाइनेछ ।
- वन सम्पदा, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण मार्फत विपद जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आय आर्जन बृद्धि गरिनेछ ।
- एक सामुदायिक वन एक उद्यमको नीतिलाई विकास गरिनेछ।

**(ख) <u>भू-संरक्षण र जलाधार व्यवस्थापन</u>**

- बनसम्पदा, जैविक विविधता र जलाधार सम्पदाको संरक्षण मार्फत विपद न्यूनिकरणका उपाय अवलम्बन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आयआर्जन वृद्धि गरिनेछ ।
- भू-क्षय हुन सक्ने उच्च जोखिम भएका क्षेत्रमा भू-संरक्षण योजना निर्माण गरी लागु गरिनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकाको खोलाले कटान हुने र बाढीको उच्च जोखिम भएका स्थानमा तटबन्धको व्यवस्था गरिनेछ ।

**(ग) <u>वातावरण तथा फोहोरमैला व्यवस्थापन</u>**

- सफा र सुन्दर गाउँ, बारपाक सुलिकोटलाई हराभरा बनाउँ भन्ने नाराका साथ कार्य योजना बनाई कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ ।
- गाउँ टोलको सरसफाई र फोहोरमैला ब्यवस्थापनको लागि टोल सुधार समितिको ब्यवस्था गरी जिम्मेवार बनाइनेछ।
- फोहोरमैला ब्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी तोकिएको स्थानमा फोहोरमैला ब्यवस्थापन गरिनेछ।
- प्रत्येक बजार तथा बस्तीहरुमा आवश्यकता अनुसार फोहोर संकलनको ब्यवस्था मिलाइनेछ र सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।
- नकुहिने खालका प्लाष्टिक तथा धातुजन्य फोहोरमैलाको पुनचक्रणको लागि संकलन गर्ने आवश्यक ब्यवस्था मिलाइनेछ ।
- फोहोर मैला व्यवस्थापनका लागि सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरि तोकिएको स्थानमा फोहोरमैला व्यवस्थापन गरिनेछ।

- **"गाउँ सफा राखौ, स्वस्थ बनौ"** भन्ने नाराका साथ घरगाँउ सरसफाई अभियान सञ्चालन गरिनेछ।

(घ) <u>विपद् व्यवस्थापन तथा जलवायु उत्थाननशिलता</u>

- विश्वव्यापी रुपमा प्रभाव परिरहेको जलवायु परिवर्तनका असरलाई न्यूनिकरण गर्ने र प्रकृति संग अनुकूलित हुने उपायको खोजी गरी जीवन पद्धतिलाई सरल र सहज तुल्याइनेछ ।
- विपदको पूर्व तयारी तथा प्रतिकार्य योजना र विपद् व्यवस्थापन कोष निर्माण गरी खोज तथा उद्धार, राहत वितरण, पुनःसंरचना आदि कार्यलाई व्यवस्थित तुल्याइनेछ ।
- विपद सम्बन्धि सबै चक्रको आंकलन तथा लेखाजोखा गरी स्थानीय सरकार, प्रहरी, सेना, नागरिक समाज, रेडक्रस लगायत विभिन्न संघसंस्थासंग समन्वयात्मक सहकार्यमा विपद प्रतिकार्य सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

**(५) <u>सुशासन तथा संस्थागत विकास</u>**

(क) <u>स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापन</u>

- प्रत्येक वर्षमा गाउँपालिकाबाट गरिएको खर्चहरुको जनअनुमोदन गराउन सवै सरकारवालाको उपस्थितिमा सार्वजनिक सुनुवाई तथा जनलेखा परिक्षण गरिनेछ ।
- **"सेवा लिने घरघरबाट, सरकारी काम प्रविधिबाट"** भन्ने मूलमन्त्रका साथ प्रविधिमैत्री गाउँपालिका निर्माण गरी एकिकृत सफ्टवेयरबाट करप्रणाली, बजार निगरानी, नक्शा डिजिटीलाइजेशन गरिनेछ ।
- गाउँपालिका भित्रका सवै वडा कार्यालयहरुमा छिटोछरितो प्रभावकारी सेवा प्रवाह गरिनेछ। अनियमितता, ढिलासुस्ती, भष्टाचार र विकृतिका विरुद्ध निरुत्साहित गर्न नियमित, अनुगमन, निर्देशन र आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।
- शान्ति सुरक्षा अमन चयन कायम गर्न विशेष कार्ययोजना निर्माण गरी लागु गरिनेछ । अन्य विषय विगतका नीति तथा कार्यक्रममा पारित भए अनुसार गरिनेछ ।
- निजामती सेवा ऐन र नियमावली बमोजिम कर्मचारीले आचारसंहिता र आचरण पालना नगरेमा सो बमोजिम सजाय गरिनेछ।
- सक्षम र विस्वसनीय न्यायप्रणाली, शासकीय सुधार, पारदर्शिता, जबाफदेहिता, सदाचार र प्रविधिमा आधारीत चुस्त सेवा प्रवाह नै भ्रष्टाचार रहित सदाचार युक्त समाज निर्माणको आधार हो । हाम्रो उदेश्य भनेको सार्वजनिक निकायका काम कारबाहिलाई पारदर्शिता,

जबाफदेहि, सदाचार युक्त र प्रविधि मैत्रि बनाई जनसहभागिता र जन विश्वासमा अभिवृद्धि गर्नु हो ।

- हाम्रा रणनीतिक विकास आयोजनाको कार्यान्वयनमा आईपर्ने समस्याहरुलाई हल गर्न योजना कार्यन्वयनको बस्तुनिष्ठ समयतालिका निर्माण र लागु गरिनेछ ।
- कुनै पनि रुपमा सार्वजनिक स्रोतको उपयोग हुने कार्यमा अनियमित बिल बिजक जारी तथा पेश गर्ने र किर्ते कागजात तयार गर्ने गराउने कार्यलाइ सार्वजनिक अपराधकै रुपमा लिइनेछ भने त्यस्तो संस्था वा व्यक्तिसँग कुनै कारोबार गरिने छैन कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडी बढाइनेछ । त्यस्तो कार्यमा दवाव दिने कार्यलाइ मतियारको रुपमा लिइ कानूनी कारबाही गरिनेछ ।
- जनतासँग अन्तरक्रिया कार्यक्रमलाइ निरन्तर रूपमा कार्यतालिका बनाइ सञ्चालनमा ल्याइनेछ साथै प्रत्येक चौमासिक रूपमा सार्वजनिक निकायले गरेका कार्यहरू सार्वजनिक गर्नुपर्ने प्रावधानलाइ कडाइका साथ लागु गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको गाउँपालिका स्तरीय अनुगमन समिति क्रियाशिल बनाई अनुगमन कार्य प्रणालीलाई चुस्तदुरुस्त बनाएर प्रभावकारी रुपमा सम्बन्धित योजनाको धरातलमा पुगी निर्मित वस्तुको ठोस विश्लेषणका आधारमा अनुगमनको पाटोलाई जनअनुमोदन बनाई भुक्तानीको प्रक्रिया अगाडि बढाइनेछ। जिम्मेवारी प्राप्त अधिकारी जिम्मेवार भई नापजाच तथा मूल्यांकनमा यर्थाथ चित्रण गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ ।
- सुरुमा बस्तीस्तरबाट योजना माग गर्ने, आएका योजनाका सम्भाव्यताका अध्ययन छलफलद्वारा निर्णय गरी सोका आधारमा बजेट सहितको प्राविधिक लागत इष्टिमेट तयार गरी काम सुरु गर्ने, काम सुरु गर्नु पहिले लागत बजेट सहितको होर्डिङ बोर्ड स्थापना सहितको पहिलो अनुगमन, काम भइरहेको विचको अवस्थामा दोस्रो अनुगमन, काम सम्पन्न भए पश्चात अन्तिम अनुगमन तथा मुल्यांकन गरे पश्चात सामाजिक लेखा परिक्षण पछि लिखित अनुगमन प्रतिवेदन उपर छलफल, गाउँपालिका अध्यक्षाको परामर्श प्रतिवेदन अनुमोदन गरी भुक्तानी प्रक्रिया अगाडि बढाइनेछ ।
- विकास निर्माण क्षेत्रका जटिलताको हल गरी समयसीमा भित्र कार्यसम्पादन सहजीकरण गर्न समस्या सामाधान समिति निर्माण गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।
- बारपाक सुलिकोट गाउँपालिका भित्रका निकायका कार्यहरुलाई थप दिगो र प्रभावकारी बनाउन स्थानीय तह सरकारले विभिन्न सुझाव संकलनका माध्यमबाट सरकारको कार्यप्रणालीमा थप सुधार गरिनेछ ।
- गाउँपालिका भित्रका सबै घरधुरीलाई घर नम्बर दिई एउटै अभिलेख तथा सूचनाको प्रकृयामा लगीनेछ।
- गाउँपालिका भित्रका बेरोजगार जनशक्ति शैक्षिकस्तर आदिको तथ्याङ्क संकलन गरी व्यवस्थित निति लिईनेछ ।

- गाउँपालिका / वडामा कर्मचारी न्यून भई कार्यसम्पादन गर्न कठिन भई करारद्धारा पदपूर्ति गरी कार्य संचालन हुँदै आएकोमा तोकिएको पदमा स्थायी पदपूर्ति भए पश्चात् औचित्य र आवश्यकताको आधारमा करार कर्मचारीहरु विस्थापित गर्दै लगिने छ ।
- गाउँपालिकाको दरबन्दी बमोजिम कर्मचारीको पदपूर्तिको सम्बन्धमा सम्बन्धित निकायमा माग गरिने छ र दरबन्दी रिक्त हुन साथ नियमानुसार सम्बन्धित निकाय ( मन्त्रालय / लोकसेवा आयोगमा) पदपूर्तिको लागि मागको आकृति फाराम पठाईनेछ ।
- गाउँपालिका अन्तरगत वडा नं. १ देखि ८ सबै वडाका वडा कार्यालयहरुमा E-हाजिरी, CCTV जडान तथा सबै वडाहरुलाई सूचना प्रविधिमैत्री बनाईदै लगिनेछ ।
- प्रत्येक वर्ष कम्तीमा तीन पटक गाउँपालिकाको फरक-फरक वडाहरुमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिनेछ ।
- सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा, राय सुझावहरुलाई मनन गरि सोहि बमोजिम उपयुक्त राय सुझावलाई मार्ग निर्देशकको रुपमा लिई कार्यसम्पादन गर्दै लगिनेछ ।
- गाउँपालिकाबाट गरिने प्रत्येक गतिविधिमा निष्पक्ष, स्वतन्त्र, सर्वमान्य सिद्धान्तलाई कानुन बमोजिम अवलम्बन गरिनेछ ।
- करको दर दायराको सम्बन्धमा समायानुकुल परिमार्जन गरि नागरिकहरुलाई सचेतना गराइनेछ।
- खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ एवं प्रचिलत आर्थिक ऐन बमोजिम हुनेछ ।
- समय सापेक्ष नागरिक वडापत्रको अध्यावधिक गरि स्वास्थ्य संस्था, वडा र गाउँपालिका कार्यालयमा राखिनेछ ।
- उजुरी पेटिका सबै वडाहरु र गाउँपालिका कार्यालयमा राखिनेछ ।
- प्रत्येक वर्षमा गाउँपालिकाबाट गरिएको खर्चको जनअनुमोदन गराउन सबै सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई तथा जनलेखा परिक्षण गरिनेछ ।
- गाउँपालिका भित्रका सबै कार्यालयहरुमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्दै लगिनेछ ।
- सार्वजनिक निजि साझेदारी सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

**<u>(ख) सङ्गठन तथा क्षमता विकास</u>**

- अन्तर स्थानीय तह बिचको बैठक तथा सर्वदलिय / सर्वपक्षीय बैठक आवश्यकता अनुसार ( वर्षमा कम्तिमा दुई पटक ) गरिनेछ ।
- आवश्यकता अनुसार राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु र गाउँपालिका कार्यालय बिच संयुक्त बैठक गरि राय सुझाव संकलन गरिनेछ ।

- गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरु एवं स्वास्थ्य संस्थाहरुमा सक्षम जनशक्तिको व्यवस्थापनका लागि बजेट तथा कार्यक्रम तय गरि जनप्रतिनिधि तथा कर्मचारीहरुलाई तालिम / अभिमुखीकरणद्वारा सक्षम बनाउँदै लगिनेछ ।

**(ग) राजस्व तथा स्रोत परिचालन**

- बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्रका राजस्वका क्षेत्र पहिचानलाई व्यापक र वैज्ञानिक तुल्याउदै, राजस्वका दर र दायराका आधारहरुलाई बस्तुनिष्ठ तथा प्रगतिशिल बनाउदै लगिनेछ ।
- आन्तरीक आम्दानीका स्रोत र क्षेत्रबाट राजस्व संकलन गर्न राजस्वका क्षेत्र, दर र दायरालाई सामाजिक आर्थिक अवस्था, सामाजिक न्याय, आर्थिक सहभागिताको स्तर, सामाजिकमहत्व तथा संवेदनशिलता, मानविय स्वास्थ्य तथा सुरक्षा र विपन्नता तथा गरिबि निवारणरमा भूमिका आदिका आधारमा निर्धारण गरीनेछ ।
- राजस्व प्रशासनलाइ क्षमतावान, पारदर्शी र प्रविधिमा आधारीत भई सुत्रमा अभिलेखबद्ध तुल्याउन तालिम तथा प्रविधिमा लगानी गरिनेछ भने नागरीकस्तरमा राजस्व संकलन प्रतिको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक परामर्श तथा छलफललाइ भौगोलिक क्षेत्रगत रुपमा तथा योगदान क्षेत्रका रुपमा सञ्चालन गरिनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकासँग कुनै पनि रुपमा सम्बन्ध राख्ने संस्था, कम्पनी र गाँउपालिका भूगोल क्षेत्रभित्र कुनै पनि व्यवसाय, क्रियाकलाप तथा कारोबार गर्ने व्यक्ति वा संस्थालाइ निरपेक्ष सेवाग्राहीको रुपमा कानुनी नागरिक ठानी, सूचिकृत भएपश्चात मात्र पहिलो सेवा सम्बन्ध कायम गरिनेछ । जसले गर्दा बारपाक सुलिकोट गाउँपालिकाको नियमन तथा अभिलेख प्रणालीमा आवद्ध गर्न सकिनेछ र सूचिकृत पक्षलाइ समेत विकास साझेदारको रुपमा दावि गर्ने बैधानिक अधिकार प्राप्त हुनेछ ।
- करको दर र दायराबारे समयानुकूल परिमार्जन गरि नागरिकलाई सचेतना गराईनेछ ।
- आन्तरिक राजश्व अधिकतम संकलन प्रयोजनको लागी गाँउपालिका बाट प्रदान गरिने सेवा प्राप्त गर्न र उपभोक्ता समितिमा रहनको लागी अनिवार्य रुपमा कर तिरेको हुनुपर्नेछ तर विपद तथा प्रकोप, भवितव्य, विपन्न समुदायलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा लागु हुने छैन ।

**(घ) बजेट, योजना तर्जुमा, कार्यान्वयन तथा लेखाप्रणाली**

- बजेट कार्यन्वयनमा प्रचलित कानुनको पालना, पारदर्शिता र चुस्त प्रतिवेदन प्रणालीको विकास गरीनेछ । जसका लागि मासिक, चौमासिक तथा बार्षिक कार्यक्रम कार्यन्वयन योजनाको निर्माण गरी, सो अनुसार कार्यन्वयनलाई व्यवस्थित र समयबद्ध तुल्याइनेछ ।
- वैधानिक रुपमा प्रक्रिया पुरा गरी सम्झौता पश्चात वा नियमानुसार अनुमति लिएर मात्र कार्यन्वयन चरणमा प्रवेश गरिनेछ । सम्झौता वा अनुमति विना गरीएको कामलाइ

कार्यालयको वैधानिक प्रणाली भित्र आवद्ध गरीनेछैन भने कार्यालयको आन्तरिक दायित्व मानिनेछैन । सम्झौता वा अनुमति विनाका कार्यलाइ अवैधानिक करार गरिनेछ ।

- खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ एवं प्रचलित आर्थिक ऐन बमोजिम हुनेछ ।
- गाउपालिकाका समग्र निति निर्माण कार्यान्वयन मुल्याङ्कन आदी विषयमा सहज बनाउन एक निति आयोग बनाईनेछ ।
- भुगोल तथा विषय क्षेत्रगत रुपमा नागरीकलाई प्रत्यक्ष सहभागी बनाइ संकलन गरीएका योजनाहरुको गहन विश्लेषण मार्फत छनौट गरी बारपाक सुलिकोट गाउँपालिका योजना बैङ्कको निर्माण गरीनेछ । सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत सोही योजना बैङ्क बाट मात्र योजना कार्यन्वयन गरीने परिपाटी को व्यवस्था गरिनेछ ।
- बजेट निर्माणलाई व्यवस्थित र अभिलेखबद्ध तुल्याउन तथा चुस्त प्रतिबेदनका लागि सुत्र प्रणाली निरन्तरता दिइनेछ जसले गर्दा बजेट भित्रका विविध अनियमितताको अन्त्यमा थप जोड हुनेछ ।
- निर्मित योजनाहरु कार्यान्वयनको श्रेस्ता फाँटबारी व्यवस्थित गरी राखिनेछ र चौमासिक रुपमा आन्तरिक लेखा परिक्षण प्रणाली लाई कार्यान्वयन गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणाली लाई प्रभावकारी र व्यवस्थीत गरिनेछ।
- महालेखा परिक्षाकको कार्यालयबाट विकास गरिएका प्रणालीहरु (SuTRA,CGAS, NAMS, PAMS, LMBIS, PLMBIS)को पूर्ण रुपमा प्रयोग गरिनेछ।
- भुक्तानि प्रक्रियालाई सरल प्रभावकारी र पारदर्शि बनाउनको लागी भुक्तानिमा EFT को प्रयोग गरिनेछ।

**(ङ) नीति, कानून, न्याय तथा सुशासन**

- सार्वजानिक कार्य र सेवालाई नागरिक मैत्री व्यवस्थित प्रभावकारी जनअनुमोदन योग्य मापदण्डमा आधारित कानून निर्माण गरिनेछ ।
- सामाजिक समावेशीकरण संग जोडिएको न्यायिक समितिलाई स्थानीय सरकारको अभिन्न अंगको रुपमा काम गर्ने गरी सुदृढ र विश्वसनीय तुल्याउने प्रगतिशिल न्यायको अनुभूति गराइनेछ ।
- सरकारी कार्यालयको कार्यक्रममा प्रयोग हुने खादाको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय रुपमा नै प्राप्त हुन सक्ने फुल मालाको प्रयोगमा जोड दिने नीति लिइनेछ।
- न्याय सेवालाई सबैका लागि न्याय र न्यायमा समान पहुँच अभिवृद्धि गरी छिटो छरितो, निष्पक्ष प्रभावकारी, जनउत्तरदायी, सरल, पहुँच योग्य, जवाफदेही पारदर्शी, सूचना प्रविधिमैत्री बनाई न्यायिक समिति प्रति जनआस्था र विश्वासमा अभिवृद्धि गराउने तथा समतामूलक न्यायको श्रृजना गरिनेछ ।
- सामाजिक सद्भावका लागि न्यायको पहुँचलाई सर्वसुलभ बनाइ मेलमिलाप केन्द्रलाई व्यवस्थित गरी स्थानीय स्तरमा सद्भावना गतिविधिहरु अवलम्बन गरिनेछ ।

- भ्रष्टाचारः समाज विरुद्धको अपराध हो, भ्रष्टाचार जन्य कार्य नियन्त्रण गरी सुशासनको अनुभुति दिलाइनेछ । त्यसका निमित्त सामाजिक तथा वैयक्तिक बुझाईमा सकारात्मक रुपान्तरणको थालनी गरीनेछ भने भष्टाचारजन्य क्रियाकलापका विरुद्ध निरोधात्मक एवं सम्बन्धित जिम्मेवार पक्षालाई दण्डात्मक कारवाहिलाई प्रभावकारी बनाईनेछ ।
- सार्वजनिक पदाधिकारीहरुको जीवन र व्यवहारलाई सार्वजनिक वस्तु वा स्रोतको रुपमा स्विकार गरी नागरीकका सामु पारदर्शि तथा सदाचारको व्यवहारीक अनुभूति दिलाइनेछ।
- कानूनबमोजिम सार्वजनिक आय र सार्वजनिक खर्च प्रणालीबाट सार्वजनिक पदाधिकारीको निजि जीवनलाइ निरपेक्ष तुल्याइनेछ भने कानुन र नागरीकका नजरमा सार्वजनिक पद र जिम्मेवारीलाई खुला कितावको रुपमा स्विकार गरिनेछ ।
- कर्मचारीको कार्यसम्पादन स्तरमा सुधार गरी उत्प्रेरीत तथा खरो भूमिकायुक्त तुल्याउन कार्यसम्पादनमा आधारीत विशेष प्रोत्शाहनको प्याकेजको व्यवस्था गरीनेछ ।
- राष्ट्रसेवक कर्मचारी पदाधिकारीमा सामाजिक चेतनाको विकास गरी, सोचमा सकारात्मक परिवर्तन जागृत गराई समाजसेवाको क्षेत्रमा कार्य गर्न उत्प्रेरीत गर्न विभिन्न तालिम, अन्तरक्रिया, घटना परिघटनाको अध्ययन आदि क्षेत्रमा संलग्न बनाइनेछ ।
- जनप्रतिनीधि तथा राष्ट्रसेवक कर्मचारीले पदीय दायित्वलाई आत्मसाथ गर्दै पूर्णरुपमा आचारसंहितालाई पालना गर्ने व्यवस्था मिलाइनेछ ।
- विषयगत समिति, विषयगत कार्यालय र प्रशासन जनप्रतिनिधीको कार्यसम्पादनलाई जिवित तथा सरलिकृत बनाईनेछ ।
- राजश्व सुधार कार्ययोजना २०७९/८०-८१/८२, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण(लैससास) रणनीति २०७९/८०-८१/८२, क्षमता विकास योजना, २०७९/८०-८१/८२ लगायतका नीतिगत योजनाहरुलाई बजेट तथा कार्यक्रममा आन्तरिकिकरण गर्दै व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ।

## <u>गाउँपालिका गौरवका योजना</u>

- बारपाक ढल निकास आयोजना,
- घ्याम्पेशाल, देउराली, ताकुकोट सडक,
- ताकुकोट, स्वाँरा, सौरपानी, बारपाक सडक
- शहिद प्रेम ढकाल स्मृति अस्पताल,
- शहिद आशाकाजी स्मृती रंगशाला,
- शहिद दिल बहादुर रम्तेल स्मृतिपार्क,

**गाउँसभाका सदस्यज्यूहरु,**

लोकतान्त्रिक विधि र पद्धतिबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यन्वयन गर्न सवै विकास साझेदार संग सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्य आवश्यकता छ । त्यसैले यस सम्मानित गाउँसभा मार्फत समृद्ध बारपाक सुलिकोट गाउँपालिका निर्माणको महाअभियानमा सहकार्यका लागि सम्पूर्ण सरकारी निकायहरु, निजि क्षेत्र, अन्तराष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु, टोल विकास संस्थाहरु एंव अन्य सरोकारवाला संग म हार्दिक अनुरोध गर्न चाहान्छु ।

अन्तमा, प्रस्तुत योजना तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकरात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिंदै आगामी आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित योजना तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्षा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने संघीय संसद तथा प्रदेश सभाका माननिय सदस्य ज्यूहरु, विषय विज्ञ महानुभावहरु, राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवि मित्रहरु, गैर सरकारी संस्थाका साझेदार मित्रहरु, टोल विकास संस्थाका मित्रहरु, विकास साझेदार मित्रहरु, ट्रेड यूनियनका मित्रहरु, शिक्षक, प्राध्यापक, पत्रकार तथा यस गाउँपालिका वासी सम्पूर्ण दाजुभाई दिदि बहिनीहरु, गाउँपालिकाका हरेक गतिविधिको बारेमा सत्यतथ्य सूचना प्रवाह गरी सहयोग पुऱ्याउनु हुने संचारकर्मी मित्रहरु एंव राष्ट्र सेवक कर्मचारीहरुलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

**२०८० असार १० गते आइतबार।**

**विष्णु प्रसाद भट्ट**

**अध्यक्ष, बारपाक सुलिकोट गाउँपालिका, गोरखा ।**